नजर हमर

राष्ट्रिय दैनिक

# मधेशदृष्टि

Madheshdristi National Daily

www.emadheshdristi.com

मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9808835198
9802592799
9803474311
9854028218

वर्ष ३ | अंक २४८ | २०८२ साल श्रावण ११ गते आइतबार | Sunday 27, July 2025 | सूर्योदय: बिहान ५:२७ बजे | सूर्यास्त: साँझ ६:५६ बजे | पृष्ठ ८ | मूल्य रु. ५/-

## खैरोहिरोइन सहित पक्राउ

**मधेशदृष्टि**
**सिरहा ।**
सिरहामा प्रहरीले गोली प्रहार गरी एक भारतीयलाई लागूऔषध खैरोहिरोइन सहित पक्राउ गरेको छ । पक्राउ पर्नेमा भारत मधुवनी ग्राम पञ्यायत बिरपुर ९ बस्ने ३८ वर्षीय श्यामसुन्दर पासवान छन् । उनको साथबाट प्रहरीले अन्दाजी ५० ग्राम खैरोहिरोइन बरामद गरेको छ । जिल्ला प्रहरी कार्यालय सिरहाका प्रहरी नायव उपरीक्षक एवम् प्रहरी प्रवक्ता डीएसपी विरेन्द्रकुमार पासवानका अनुसार शनिबार दिउँसो पौने ४ बजेतिर भारतबाट नेपालतर्फ बी आर ३२ एम ७३३८ नम्बरको भारतीय मोटरसाइकसहित छिरेका श्यामसुन्दरलाई प्रहरीले नवराजपुर गाउँपालिका–४ कुसण्डीमा रोक्न खोजेको थियो । तर, नरोकी भाग्न थालेपछि गोली प्रहार गरेर नियन्त्रणमा लिइएको डीएसपी पासवानले बताए । पक्राउ परेका भारतीय नागरिकमाथि आवश्यक अनुसन्धान गरिरहेको जिल्ला प्रहरी कार्यालय सिरहाले जनाएको छ ।

# सिँचाईबारे मधेशका जनप्रतिनिधिसँग गृहमन्त्रीको छलफल



**मधेशदृष्टि**
**काठमाडौँ ।**
संघीय सरकारका गृहमन्त्री रमेश लेखकले विपद् संकटग्रस्त क्षेत्र घोषित मधेश प्रदेशसहित तराई–मधेशका स्थानीय तहका प्रमुख–अध्यक्षहरू र प्रमुख जिल्ला अधिकारीहरुसँग छलफल गरेका छन् ।
शनिबार राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणद्वारा ‘भर्चुअल’ रुपमा आयोजित समन्वयात्मक बैठकमा मन्त्री लेखकले नागरिकको पीडामा सरकार गम्भीर रहेकाले गृह मन्त्रालयको प्रस्तावमा मधेश प्रदेशलाई विपद् संकटग्रस्त क्षेत्र घोषणा गरिएको जानकारी गराए ।
मन्त्री लेखकले खानेपानी र सिँचाइको समस्या भएका स्थानका साथै प्राथमिकताका आधारमा डिप ट्युबवेल, डिप बोरिङ जडान गर्ने स्थानहरुको पहिचान गर्ने कार्यका लागि समन्वय र सहजीकरणका लागि प्रमुख जिल्ला अधिकारीहरुलाई निर्देशन दिए ।
मन्त्री लेखकले पानीको स्रोत नभएका वा सुकेका स्थानमा ट्याङ्करबाट पानी वितरणलाई निरन्तरता दिनुपर्ने बताउँदै यसका लागि सुरक्षा निकायसहित निजी क्षेत्रका ट्याङ्करको समेत उपयोग गर्न पनि निर्देशन दिए ।
मन्त्री लेखकले भने, ‘सरकारी कार्यालय, विद्यालय, अस्पताल, गैरसरकारी संस्थाका कार्यालयमा पानीको स्रोत रहेको छ भने पानी खानका लागि तिनको पनि उपयोग गरियोस् ।’ विपद् संकटको अवस्थाको फाइदा उठाएर कसैले कार्टेलिङ र कालोबजारी गर्नसक्ने भएकाले सख्त अनुगमन गर्न मन्त्री लेखकले सुरक्षा निकायलाई निर्देशन पनि दिए ।
बैठकका अध्यक्ष एवम् प्राधिकरणका कार्यकारी प्रमुख दिनेशप्रसाद भट्टले प्राधिकरणले राष्ट्रसंघीय निकायहरू, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरु र रेडक्रसलाई आफ्ना कार्यक्रमहरु आवश्यकता अनुसार परिमार्जन गरी मधेशमा केन्द्रित गर्न अनुरोध गरिसकेको जानकारी दिए ।
बैठकमा मधेश प्रदेशलगायत सुक्खाग्रस्त जिल्लाका स्थानीय तहका मेयर एवम् अध्यक्ष र प्रमुख जिल्ला अधिकारीहरुले आफ्ना स्थानीय तह एवम् जिल्लाको अवस्थासहित समस्या समाधान गर्न भइरहेका पहलहरुबारे जानकारी गराए ।
सरकारले साउन ८ गते मधेश प्रदेशभर ३ महिनाका लागि विपद् संकटग्रस्त क्षेत्र घोषणा गरेको छ । यसअघि, पानीको स्रोत तथा मुहान सुकी खानेपानी तथा सिंचाई कार्यमा समस्या उत्पन्न भएपश्चात असार २६ गते मधेश प्रदेश सरकारले मधेश प्रदेशलाई सुक्खाग्रस्त क्षेत्र घोषणा गरेको थियो ।

## पानी वितरणमा भेदभाव नहोस्ः सिंह



**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंज महानगरपालिकाका मेयर राजेशमान सिंहले पानी वितरणमा विभेद नगर्न निर्देशन दिएका छन् । वीरगंजमा दुई महिना यता चापाकल सुकेर खानेपानीको संकट चुलिएको छ । पानी नपाएर यहाँको जनजीवन नै बिथोलिएको छ । यस्तो विपद्का बेला सार्वजनिक डिप बोरिङका धाराबाट खानेपानीको आपूर्ति भइरहेका बेला केही व्यक्तिले रकम लिएर पानी वितरण गरेको पाइएको छ ।
महानगरपालिकाले लगाएको डिप बोरिङमार्फत पानी वितरण भइरहेका बेला केही व्यक्तिले सरकारी स्रोतलाई निजीरूपमा प्रयोग गर्दै प्रतिव्यक्ति ३ हजार रुपैयाँको दरले रकम उठाएर सिधै घरको व्यांकीमा पानी आपूर्ति गरिरहेको पाइएको छ । पैसा लिएर डिप बोरिङबाट पानी दिएको गुनासो आएपछि त्यसबारे सत्यतथ्य बुझ्न शनिबार वीरगंज महानगरपालिकाका मेयर राजेशमान सिंह स्वयम् विवादित स्थानमा पुगेर हस्तक्षेप गरे । शनिबार बिहान वीरगंज–१५ मा पुगेर स्थानीयको गुनासो सुनेपछि मेयर सिंहले सबै नागरिकलाई समानरूपमा पानी उपलब्ध गराउनु पर्नेमा जोड दिँदै कुनै पनि हालतमा विभेद स्वीकार्य नहुने स्पष्ट पारे । उनले व्यक्तिगत स्वार्थमा नलागी सबै मिलेर समस्या समाधान गर्न आग्रह गरे । मेयर सिंहसँगै विवादित टोलमा पुगेका वीरगंज–१५ का वडाध्यक्ष रमेश यादवले पनि सर्वसाधारणलाई निष्पक्ष र समानरूपमा पानी वितरण सुनिश्चित गर्न पहल गर्ने प्रतिबद्धता स्थानीयवासीसामु जनाए ।
महानगरका मेयर सिंहले शनिबार नै वीरगंजको भेडियाही, इटियाही, नेशनल मेडिकल कलेज क्षेत्र लगायतका स्थानमा पुगेर त्यहाँ भइरहेको पानी वितरणको अवस्थाको पनि निरीक्षण गरे । निरीक्षणक्रममा केही स्थानमा अझै पाइपलाइन विस्तार गरी पानी आपूर्ति आवश्यक देखिएकाले सम्बन्धित प्राविधिक तथा कर्मचारीहरूलाई तत्काल कार्यान्वयनका लागि उनले निर्देशन दिए । साथै, उनले अबदेखि पानी वितरणका विषयमा कुनै पनि विवाद सिर्जना नहोस् भन्ने ढंगले समन्वयात्मक र पारदर्शी ढंगले काम गर्न सबैलाई सचेत पनि गराए ।
पछिल्लो समय वीरगंज क्षेत्रमा भू–जलको सतह लगातार घट्दै गएको छ । जसका कारण विभिन्न स्थानमा खानेपानीको चरम अभाव देखिएपछि वीरगंज महानगरपालिकाले ठाउँठाउँमा डिप बोरिङ गाड्नुका साथै व्यांकी तथा व्यांकरमार्फत पानी वितरण गर्दै आइरहेको छ ।

# डिपबोरिङ खन्दा विपद् व्यवस्थापनको अनुमति चाहिने

**मधेशदृष्टि**
**वीरगंज ।**
पर्सामा डिपबोरिङ खन्नुअघि अनिवार्य रूपमा जिल्ला विपद् व्यवस्थापन समितिलाई जानकारी गराएर अनुमतिसहित सिफारिस लिनुपर्ने भएको छ । जिल्ला विपद् व्यवस्थापन समितिका अध्यक्ष एवंम्पर्साका प्रमुख जिल्ला अधिकारी गणेश अर्यालको अध्यक्षतामा शनिबार बसेको विपद्सँग सरोकार भएका निकायसँगको बैठकले डिपबोरिङ जडान गर्नुअघि समितिसँग अनिवार्य रूपमा अनुमति लिनुपर्ने निर्णय गरेको हो । अर्यालले जिल्लामा जथाभावी ढङ्गले डिपबोरिङ खन्ने काम भएकाले नियन्त्रणका लागि अनुमति लिनुपर्ने अनिवार्य व्यवस्था गरिएको बताए । ‘योसँगै धान रोपाइँको अवस्था, रोपाइँ पश्चात बिरुवाको अवस्था, रोपाइँ हुन नसकी क्षति व्यहोरेका किसानलाई पर्न गएको क्षतिको मूल्याङ्कन गरी क्षतिपूर्तिको लागि आवश्यकता अनुसार समितिमा कृषि ज्ञान केन्द्रले तथ्य, तथ्याङ्क एवं विवरण पेस गर्ने निर्णय गरेको छ,’ उनले भने ।
पर्साका सहायक प्रजिअ बाबुलाल रेग्मीले बैठकमा नेपाल र भारतबीचमा गण्डक नहरको पानीका सम्बन्धमा भएको लिखित सम्झौता र प्रतिबद्धता अनुसार पानी प्राप्त नभएको बताउँदै सम्झौता बमोजिम आठ सय ५० क्यूसेक पानी उपलब्ध गराउनका लागि गृह मन्त्रालयमार्फत भारत सरकारसँग अनुरोध गर्ने निर्णय भएको जानकारी दिए । ‘गण्डक नहरबाट हाल वितरित पानीको अवस्था र स्थितिको अनुगमन गर्ने पनि निर्णय भएको छ,’ उनले भने, ‘जिल्लाको सहरी क्षेत्रसहित विभिन्न स्थानमा जडान गरिएका डिपबोरिङबाट लाभान्वित जनसंख्या र बोरिङको हालको अवस्थासमेत अनुगमन गर्ने निर्णय भएको छ ।’
उनका अनुसार बैठकले डिपबोरिङ जडान भएका ठाउँमा स्थानीय सहभागी भएको उपभोक्ता समूह समिति गठन गरी समितिको नाममा विद्युतीय मिटर जडान गर्ने व्यवस्था मिलाउने तथा उक्त कार्यको सहजीकरण नेपाल विद्युत् प्राधिकरण र वडा अध्यक्षहरूले गर्ने–गराउने निर्णय गरेको छ । जिल्लास्तरमा खानेपानी र सिँचाइसम्बन्धी कार्यमा आवश्यक समन्वय र सहजीकरण गरी तत्काल समस्या समाधान गर्न जिल्ला समन्वय समितिका प्रमुख नीरञ्जन साह सोनारको संयोजकत्वमा नौ सदस्यीय समिति गठन गर्ने निर्णय भएको रेग्मीले जानकारी दिए ।
समितिमा भूमिगत जलस्रोत तथा सिँचाइ विकास डिभिजनका प्रमुख, नारायणी सिँचाइ व्यवस्थापन कार्यालयका प्रमुख, कृषि ज्ञान केन्द्रका प्रमुख, खानेपानी तथा सरसफाइ डिभिजन कार्यालयका प्रमुख, नेपाल खानेपानी संस्थान वीरगञ्ज शाखा कार्यालयका प्रमुख र नेपाल विद्युत् प्राधिकरणका वीरगंज वितरण केन्द्रका प्रमुख सदस्य रहनेछन् । त्यसैगरी सोही समितिमा सङ्घीय खानेपानी तथा ढल व्यवस्थापन आयोजनाका प्रमुख सदस्य र जिल्ला प्रशासन कार्यालय पर्साका प्रशासकीय अधिकृत विनय गुप्ता सदस्यसचिव रहनेछन् । समितिको बैठकले विभिन्न १४ वटा क्रियाकलापलाई समेट्ने गरी तयार पारिएको कार्यान्वयन कार्ययोजना (एक्सन प्लान) अनुमोदन गरी कार्यान्वयन गर्ने पनि निर्णय गरेको छ ।

# महोत्तरीमा ३० प्रतिशत मात्रै रोपाइँ

**मधेशदृष्टि**
**महोत्तरी ।**
देशको अन्न भण्डारका रूपमा चिनिने मधेश प्रदेशमा यस वर्ष मनसुन प्रतिकूल नहुँदा धान रोपाइँ गम्भीर रूपमा प्रभावित भएको छ । भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, मधेश प्रदेशका अनुसार हालसम्म प्रदेशभर जम्मा ४७ प्रतिशतमात्र रोपाइँ सम्पन्न भएको छ ।
लामो समयदेखि पानी नपर्दा महोत्तरीका किसान विशेष चिन्तित बनेका छन् । जिल्लामा करिब ३० प्रतिशतमात्रै रोपाइँ भएको छ । दश नगरपालिका र पाँच गाउँपालिका रहेको महोत्तरीमा कुल ७१ हजार ५ सय ७० हेक्टर खेतीयोग्य जमिनमध्ये ६४ हजार ९ सय ७७ हेक्टरमा खेती हुँदै आएको छ । जिल्लाको उत्तर पश्चिमी क्षेत्रका किसानले मोटर, डिजेल पम्प, नदीनाला, इनार, कुवा, स्यालो ट्युबवेलको सहयोगमा २५ प्रतिशत रोपाइँ गर्न सफल भए पनि समग्र जिल्लाको अवस्था सन्तोषजनक छैन ।
पानी नपर्दा किसानले लगाएका धानका ब्याड सुक्न थालेका छन् भने फाट्टफुट्ट रोपाइँ भएका खेतमा समेत धाँजा फाट्न शुरु भएको छ । महोत्तरीको मटिहानी नगरपालिकाका ७ र ८ नम्बर वडा क्षेत्रका अधिकांश खेतहरू सुक्खा छन् भने पम्पसेटको सहायताले रोपाइँ गरिएका खेतहरूमा पनि धाँजा फाटेका छन् ।
यसैबीच, मधेश प्रदेश सरकारको सिफारिसमा सङ्घीय मन्त्रिपरिषद्ले मधेश प्रदेशलाई तीन महिनाका लागि विपद् सङ्कटग्रस्त क्षेत्र घोषणा गरिसकेको छ । प्रधानमन्त्री केपी शर्मा ओलीले शुक्रबार मधेशको सुक्खाग्रस्त क्षेत्रको हेलिकप्टरबाट अवलोकन गरे ।
यस क्षेत्रका किसानहरू अहिले पानीका लागि प्रार्थना गरिरहेका छन् भने कोही स्थानीय सरकार लगायत सम्बन्धित निकायको सहयोग र सहायताको प्रतीक्षामा छन् ।






# संयुक्त वाम अभियान पर्सा गठन

**मधेशदृष्टि**
**वीरगंज ।**
पर्सा जिल्लामा क्रियाशील कम्युनिस्ट पार्टीहरूको संयुक्त बैठक शनिबार वीरगंजको रानीसती धर्मशालामा भएको छ । बैठकले ‘संयुक्त वाम अभियान पर्सा’ समन्वय समिति गठन गरेको छ, प्रत्येक पार्टीबाट जिल्ला अध्यक्ष वा एक जना प्रतिनिधि रहने व्यवस्था गरिएको छ ।
बैठक नेकपा (एकीकृत समाजवादी) पर्साका अध्यक्ष बालगोपाल थापाको अध्यक्षतामा भएको हो । गठित समितिको नेतृत्व प्रत्येक दलले तीन–तीन महिनाको लागि आलोपालो गर्ने सहमति भएको नेकपा (एकीकृत समाजवादी) मधेश प्रदेश कमिटीका सदस्य सुबेदार यादवले जानकारी दिए । पहिलो चरणको संयोजन एकीकृत समाजवादीका अध्यक्ष थापाले गर्ने निर्णय भएको छ ।
बैठकले अमेरिकाले प्यालेस्टाइनमाथि गरेको आक्रमणको विरोधमा साउन ११ गते बेलुका ६ बजे वीरगंजको घण्टाघरमा प्लेकार्डसहित विरोध प्रदर्शन गर्ने कार्यक्रमको घोषणा गरेको छ । बैठकमा सर्वसाधारणसँग प्रत्यक्ष सरोकार राख्ने मुद्दालाई साझा एजेण्डा बनाएर अघि बढ्ने सहमति भएको छ । बैठकमा नेकपा माओवादी केन्द्रका वैकल्पिक केन्द्रीय सदस्य बाबुराम कौशिक, पूर्व जिल्ला संयोजक रामदरश कुशवाहा, महमद सलाम, एकीकृत समाजवादीका बिक्रम चौरसिया, बृजलाल पासवान, राष्ट्रिय जनमोर्चाका अच्छेलाल साह, हिमाल चन्द्र गौतम, नेपाल मजदुर किसान पार्टीका सरोज साह, वैज्ञानिक समाजवादी कम्युनिस्ट पार्टीका धनबहादुर श्रेष्ठ र नेपाल कम्युनिस्ट पार्टीका फिरोज सिको उपस्थिति थियो ।

# रौतहटमा करेन्ट लागेर एकै बर्षमा २७ जनाको मृत्यु

**रौतहट ।**
रौतहट जिल्लामा करेन्ट लागेर ज्यान गुमाउनेको संख्या बढ्दै गएपछि जिल्ला प्रहरी कार्यालय, रौतहटले आम नागरिकलाई विशेष सावधानी अपनाउन अनुरोध गरेको छ । प्रहरीका अनुसार, गत साउनदेखि हालसम्म करेन्ट लागेर २७ जनाले ज्यान गुमाएका छन् ।

गत आर्थिक वर्षमा करेन्ट लागेर २३ जनाको मृत्यु भएको थियो भने चालु आर्थिक वर्ष सुरु भएदेखि हालसम्म मात्र ४ जनाको ज्यान गइसकेको छ ।




घटनाको गम्भीरतालाई ध्यानमा राख्दै प्रहरीले सर्वसाधारणलाई विभिन्न सुरक्षा सावधानी अपनाउन आग्रह गरेको छ। जिल्ला प्रहरी कार्यालयद्वारा जारी विज्ञप्तिमा खाली खुट्टा हिँड्दा वा पानी जमेको स्थानमा विद्युतसम्बन्धी कार्य नगर्न, मर्मतको लागि प्रमाणित प्राविधिकको मात्रै सहारा लिन, झुन्डिएको वा खुला तारको प्रयोग नगर्न विशेष अनुरोध गरिएको छ ।

बालबालिकालाई विशेष ध्यान दिन सुझाव दिँदै, साना बालबालिकाले सजिलै छोइहाल्न सक्ने ठाउँमा विद्युतीय सामग्री नराख्न र घरभित्र झुण्डिएको तार नराख्ने अभ्यास गर्न समेत भनिएको छ ।

त्यस्तै, खेतमा सिँचाइ गर्न मिटरको प्रयोग गर्न, रातको समयमा विद्युतसम्बन्धी काम नगर्न, पोलबाट 'हुकिङ' प्रणालीमार्फत विद्युत चोरी नगर्न र विद्युतका उपकरण सुरक्षित स्थानमा राख्न प्रहरीको चेतावनी छ ।

सामान्य काम गर्दा पनि सजिलै करेन्ट लाग्न सक्ने अवस्था रहने भएकाले खुला वा जोखिमयुक्त स्थानमा तार वा स्वीच नराख्न प्रहरीले अनुरोध गरेको छ । नागरिकको सुरक्षाका लागि जनचेतना आवश्यक रहेको प्रहरीको भनाइ छ ।

# 'समृद्ध तनहुँ बनाउन सबैबीच हातेमालो आवश्यक छ'

**तनहुँ ।**
सङ्घीय मामिला तथा सामान्य प्रशासनमन्त्री भगवती न्यौपानेले समृद्ध तनहुँ बनाउने अभियानमा सबै एकताबद्ध भएर लाग्नुपर्ने बताएकी छन ।

तनहुँ उद्योग वाणिज्य सङ्घले शनिवार दमौलीमा आयोजना गरेको स्वागत एवं सम्मान कार्यक्रममा उनले दलगत आस्थाभन्दा माथि उठेर तनहुँको विकासमा लाग्नुपर्ने बताईन । मन्त्री न्यौपानेले विकास निर्माणमा राजनीति नगरी एकताबद्ध भएर हातेमालो गर्न सबैलाई आग्रह गरिन ।

उनले उद्योग व्यवसायमार्फत देश विकासमा लागिरहेका सम्पूर्ण व्यवसायीको समस्या समाधानका लागि सरकार गम्भीर रहेको उल्लेख गरिन । 'समाज परिवर्तनका लागि लागिरहनुभएका उद्योगी व्यवसायीका समस्या समाधानबारे म पनि जानकार छु । निजी क्षेत्र विकासको मुख्य सम्वाहक भएकाले यहाँहरूका समस्या समाधानमा सरकार प्रतिबद्ध छ र मेरो तर्फबाट आवश्यक सहजीकरण गर्न म सधैँ तयार छु', मन्त्री न्यौपानेले भने ।

कार्यक्रममा सङ्घका अध्यक्ष वैकुण्ठनाथ मिश्रले व्यवसायमा अनेक किसिमका समस्या आउँदा आफूहरू मर्कामा परेको बताए ।

सङ्घका निवर्तमान अध्यक्ष पविन्द्रकुमार श्रेष्ठ, वरिष्ठ उपाध्यक्ष इमकुमार मल्लले व्यावसायिक वातावरण राम्रो बनाए मात्र देशको अर्थतन्त्र सुधार हुने भन्दै यसमा ध्यान दिन आग्रह गरे ।रासस

# सिरहामा गोली हानेर लागुऔषधसहित भारतीय नागरिक पक्राउ

**सिरहा ।**
जिल्लाको नवराजपुर गाउँपालिका–४ कुसण्डीबाट एक भारतीय नागरिकलाई गोली प्रहार गरी लागुऔषधसहित प्रहरीले पक्राउ गरेको छ ।

भारत, बिहारको मधुवनी जिल्लाका ३८ वर्षीय श्यामसुन्दर पासवानलाई गोली प्रहार गरी लागुऔषधसहित पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालयका प्रवक्ता एवं प्रहरी नायब उपरीक्षक वीरेन्द्र पासवानले जानकारी दिए ।

शनिवार दिउँसो भारततर्फबाट नेपाल प्रवेश गर्दै गरेको बिआर ३२ एम ७३३८ नं को मोटरसाइकललाई जाँचका लागि रोकेको समयमा चालकले मोटरसाइकल नरोकी भाग्ने प्रयास गरेपछि प्रहरीले पेस्तोलबाट एक राउन्ड गोली प्रहार गरेको थियो । गोली प्रहारपछि मोटरसाइकल नियन्त्रणमा लिई चालक पासवानलाई पक्राउ गरिएको प्रहरी नायब उपरीक्षक पासवानले बताए ।

पक्राउ परेका पासवानको साथबाट प्रहरीले ५० ग्राम खैरो हिरोइन बरामद गरेको छ । पक्राउ परेका भारतीय नागरिकमाथि आवश्यक अनुसन्धान सुरु गरिएको प्रहरीले जनाएको छ ।रासस

# नेपालका लागि एआई विलासिता होइन, समानता, रूपान्तरण र न्यायको साधन होः सञ्चारमन्त्री गुरुङ

**काठमाडौँ ।**
सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वीसुब्बा गुरुङले कृत्रिम बौद्धिकता (एआई) लाई नेपालका लागि विलासिता नभई समानता, रूपान्तरण र न्यायको साधनका रूपमा चित्रित गरेका छन ।

चीनको साङ्घाई वर्ड आर्टिफिसियल इन्टेलिजेन्स (एआई) सम्मेलन २०२५ लाई आज त्यहाँ सम्बोधन गर्दै उनले एआईका उपलब्धिको पहुँच र समानताको वकालत गरे ।

सञ्चारमन्त्री गुरुङले भने, 'एआईका उपलब्धिहरूमा सबैलाई लाभ दिनुपर्छ । हामी विकासशील राष्ट्रहरूका लागि कम्प्युटिङ शक्ति, ओपन मोडल र डेटा सेटहरूको आवश्यकता छ । यसमा अन्तरराष्ट्रिय सहयोगको अपेक्षा छ ।'

सम्मेलनअन्तर्गत विश्वव्यापी एआई शासनसम्बन्धी उच्चस्तरीय बैठकमा उनले पारदर्शीता, समावेशिता, जवाफदेहिता र एआईको गैर–सैनिकरणलाई प्रवद्र्धन गर्ने संयुक्त राष्ट्रसङ्घ नेतृत्वको चार्टर्डलाई समर्थन गर्ने बताए । 'एआईले हाम्रो अर्को पुस्तालाई सशक्त बनाउनुपर्छ । हामी विश्वव्यापी रूपमा एआई साक्षरता र नैतिक नवप्रवर्तन प्रवद्र्धन गर्ने विश्व एआई शिक्षा कोषका लागि आह्वान गर्दछौँ', उनले भने ।

मन्त्री गुरुङले एआईको विकासका लागि नेपालको दृष्टिकोण, समावेशी तथा मानव–केन्द्रित रहेको बताए । उनले नेपाल डिजिटल छलाङको सीमामा उभिएको र यससम्बन्धी नीति अन्तरम चरणमा रहेको उल्लेख गर्दै उक्त नीतिले राष्ट्रिय प्राथमिकतासँग तारतम्य मिलेको समावेशी र नैतिक 'एआई इकोसिस्टम'को परिकल्पना गरेको बताए ।

मन्त्री गुरुङले नेपालको एआई लक्ष्यका बारेमा स्पष्ट पार्दै भने,'नेपालले अन्तरराष्ट्रिय सहकार्यका लागि राष्ट्रिय एआई केन्द्र स्थापना गर्ने, अग्रणी विश्वविद्यालयमा एआई उत्कृष्टता केन्द्रहरू र सबै प्रदेशमा नवप्रवर्तन हबहरू सुरु गर्नेछ । शासन, सार्वजनिक सेवा, विपद् प्रतिकार्य, कृषि, शिक्षा र स्वास्थ्यमा एआईलाई प्रवद्र्धन गर्ने र विद्यालयदेखि विश्वविद्यालय तहसम्म एआई र डिजिटल साक्षरतालाई अनिवार्य बनाएर हाम्रा युवालाई एआई युगका लागि तयार गर्ने हाम्रो लक्ष्य छ ।'

यसैगरी उनले नेपालले एआई विलासिता नभई रुपान्तरणका लागि प्रयोग गर्ने प्रतिबद्धता व्यक्त गरे । 'हाम्रा लागि एआई विलासिता होइन, बरु समानता, रूपान्तरण र दुर्गम क्षेत्रमा टेलिमेडिसिनदेखि नागरिक एपमार्फत रियल टाइममा नागरिक सेवा दिनेसम्मको न्यायको साधन हो । हामी साझेदारी, डेटा पूर्वाधार र एआई सीपहरू निर्माण गरिरहेका छौँ ताकि परम्परागत विकासका अवरोधलाई नाघेर अगाडि बढ्न सकियोस् । प्रविधिमार्फत सबैको सेवा गर्न सुनिश्चित गर्न सकियोस', मन्त्री गुरुङको भनाइ थियो,'मानवताबिना प्रविधि अराजकता हो, नैतिकताबिना नवप्रवर्तन जोखिम हो भन्ने हामीले मनन गर्नुपर्छ । नेपालले खुला सहकार्य, एआईको जिम्मेवार विकास र नैतिक शासनप्रति आफ्नो प्रतिबद्धतालाई पुनः दोहोर्‍याउछ । हामी सबै राष्ट्रहरुलाई निष्पक्ष, सुरक्षित र रूपान्तरणकारी एआई भविष्यको निर्माणमा सहभागी हुन आह्वान गर्छौं ।'

उनले विशेषाधिकार प्राप्त केहीलाई होइन सम्पूर्ण मानवजातिको उत्थानमा एआईको प्रयोग सुनिश्चित गर्नु साझा चुनौती भएको उल्लेख गर्दै यसमा सबै जिम्मेवार बन्नुपर्नेमा जोड दिए ।रासस

# 'विद्यादेवी भण्डारीको सक्रिय राजनीतिमा पुनरागमन एमालेका लागि अस्वीकार्य'

**भक्तपुर ।**
नेपाल कम्युनिष्ट पार्टी (एमाले) का प्रचार विभाग प्रमुख राजेन्द्र गौतमले पूर्वराष्ट्रपति विद्यादेवी भण्डारीको सक्रिय राजनीतिमा पुनरागमन एमालेका लागि अस्वीकार्य भएको बताएका छन ।शनिवार नेपाल प्रेस सोसाइटीले भक्तपुरमा आयोजना गरेको साक्षात्कार कार्यक्रममा उनले भण्डारीको एमाले पार्टी सदस्यता र राजनीतिक पुनः सक्रियता एमालेका लागि 'गौण विषय' भएको बताए ।

एमालेको केन्द्रीय कमिटी बैठकले ७० वर्षे उमेर सीमा, कार्यकारी पदमा दुई कार्यकालको सीमा र पूर्वराष्ट्रपतिको सक्रियता निषेध सम्बन्धमा विधिवत र घनीभूत छलफलपछि निर्णय गरेको उनले बताए ।

केन्द्रीय कमिटी बैठकमा पार्टी अध्यक्ष केपी शर्मा ओलीले कसैलाई बोल्न नदिएको भन्ने आरोप निराधार रहेको बताउँदै प्रचार विभाग प्रमुख गौतमले बैठक सर्वसहमतिको वातावरणमा निर्णय गरी सम्पन्न भएको बताए । कार्यक्रमका सभापति एवं नेपाल प्रेस सोसाइटीका अध्यक्ष उपेन्द्र केसीले पूर्वराष्ट्रपति भण्डारीको पुनारागमनले राजनीतिमा तरङ्ग ल्याएको बताए ।रासस

# सुक्खा आँखाको समस्या बढ्दो सावधानी अपनाउन सुझाव

**काठमाडौँ ।**
तिलगङ्गा आँखा अस्पतालकी 'रिफ्र्याक्टिभ सर्जरी युनिटकी विभागीय प्रमुख आँखा रोग विशेषज्ञ डा बन्दना खनालले हालको जीवनशैली, वातावरणीय असर र प्रविधिको अत्यधिक प्रयोगका कारण सुक्खा आँखाको समस्या दिनप्रतिदिन बढ्दै गएको बताएका छन ।

आँखा पोल्ने, बिझाउने, रातो हुने, धमिलो भएजस्तो महसुस हुने समस्या भोग्नुभएको छभने सुक्खा आँखाको समस्या हुनसक्ने भन्दै सावधानी अपनाउन विज्ञहरूले सुझाव दिएका छन् ।

उनका अनुसार सुक्खा आँखा भन्नाले आँखामा आँसुको मात्रा पर्याप्त नहुनु वा भएको आँसु छिटो वाष्प भएर हराउनु भन्ने बुझिन्छ । यस्तो अवस्थामा आँखामा पोल्ने, बालुवा परेको जस्तो बिझाउने, चिलाउने, रातो हुने र धमिलो देखिने लक्षण देखा पर्न सक्छन् ।

'धुवाँ, धुलो, प्रदूषण, एसी र फ्यानमा लामो समय बस्दा पनि सुक्खा आँखाको सम्भावना बढ्छ । यसैगरी, धुम्रपान गर्नेलाई पनि यो समस्याले सताउन सक्छ । मोबाइल, कम्प्युटर, ल्यापटपजस्ता प्रविधिको अत्यधिक प्रयोग गर्दा आँखा झिम्क्याउने दर कम हुन्छ, जसले आँसु छिटो सुकाउँछ', डा खनालले भने ।

उनले मोबाइल, कम्प्युटर, ल्यापटपको प्रयोग गर्दा हरेक २०–२५ मिनेटमा रोकिएर ('ब्रेक' लिएर), केहीबेर टाढा हेर्ने र कम्तीमा २०–२५ पटक आँखा झिम्क्याउने बानी बसाल्न सुझाव दिए । उनले भने, 'मोबाइलमा गेम खेल्दा एकदमै ध्यान एकत्रित हुँदा आँखा झिम्क्याउन बिर्सिरहेका हुन्छौँ । आँखामा बढी तनाब पर्ने काम गर्‍यौँ र लामो समयसम्म आँखा झिम्क्याउन बिर्सियौँ भने हाम्रो आँखा सुक्खा हुन्छ । त्यसैले ब्रेक लिनुपर्छ ।'

समस्या देखिएमा 'लुब्रिकेटिङ' आँखा 'ड्रप्स'को प्रयोग गर्न सकिन्छ । यो समस्या लिएर आउने अधिकांश बिरामी सामान्यदेखि मध्यम लक्षणसहित आउने डा खनालको भनाइ छ ।

कहिलेकाहीँ सुक्खा आँखा शरीरका अन्य रोगजस्तै बाथरोग, थाइराइड समस्या वा केही प्रकारका 'हर्मोन सप्लिमेन्ट'का कारण पनि हुन सक्ने भएकाले यस्तो अवस्थामा केवल ड्रप्स प्रयोग पर्याप्त नहुने बताउँदै उनले विशेषज्ञ चिकित्सकसँग परामर्श लिन आवश्यक हुने डा खनालले उल्लेख गरे ।

'सुक्खा आँखा देखिएपछि आत्तिनु पर्दैन तर लापरबाही गर्नु हुँदैन । समस्या बढेमा लुब्रिकेटिङ ड्रप्स प्रयोग गर्नुपर्छ, अनि सुधार नआएमा आँखाको विशेषज्ञसँग सम्पर्क गर्नुपर्छ', उनको सुझाव छ ।रासस

# फलफूलमा हुने आयात कम गर्न फल दिने विरुवा रोप्न आवश्यकः सांसद श्रेष्ठ

**काठमाडौं ।**
राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सांसद बिराज भक्त श्रेष्ठले खुल्ला क्षेत्रमा फलफूलका बोटहरु लगाउन सके फलफूलमा हुने आयात कम गर्न सकिने बताएका छन् ।

शनिबार रोटरी क्लबले आयोजना गरेको वृक्षारोपण कार्यक्रममा बोल्दै उनले फल दिने विरुवा रोप्न जोड दिएका हुन् ।

उनले भने, 'रोटरी क्लबले यो पटक फल दिने बिरुवाहरु रोपेको छ । नेपालमा फलफूल उत्पादनमा ह्रास भएर बाहिरी मूलुकबाट भित्राइएका भन्ने समाचारहरु आइरहेका छन् । खुल्ला क्षेत्रहरुमा फलफूलहरु रोप्न थालियो भने चराचुरुङ्गीले पनि खान पाउने र विस्तारै बाहिरबाट भित्र्याउने संख्यामा पनि कमि हुन्छ । यस्ता कामहरुले सुक्ष्मरुपमा अर्थतन्त्रमा नै टेवा पुग्ने पुर्याउने देखिन्छ ।'

उनले खुल्ला क्षेत्र फल लिने विरुवाहरु रोप्दा पछि आयात निर्यातमा सन्तुलन हुनुका साथै अर्थतन्त्रमा टेवा पुर्याउने बताए । उनले सबैलाई खाली ठाउँमा फल दिने विरुवाहरु रोपी शहरी हरियाली प्रवर्धन गर्न समेत आग्रह गरे । रासस

# एक दशकदेखि अलपत्र आमघाट लिफ्ट सिँचाइ आयोजना

**कञ्चनपुर ।**
शुक्लाफाँटा नगरपालिका–१२ आमघाटस्थित लिफ्ट सिँचाइ आयोजना एक दशकदेखि अलपत्र परेको छ । किसानलाई वनहरा नदीबाट पानी लिफ्ट गरी सिँचाइ गर्नका लागि ७२ लाख रुपैयाँ बढीको लागतमा निर्माण गरिएको उक्त आयोजना सञ्चालनमा नआउँदै अलपत्र परेको हो ।

सङ्घीय सरकार र एसियाली विकास बैंक(एडिबी)को संयुक्त लगानीमा सामुदायिक सिँचाइ आयोजना(सिआइपी) कार्यक्रमअन्तर्गत विसं २०७२ मा लिफ्ट सिँचाइ आयोजना निर्माण गरिएको थियो । किसानलाई ६४ हेक्टर क्षेत्रफल जग्गामा सिँचाइ सुविधा उपलब्ध गराउने उद्देश्यले आयोजना निर्माण गरिएको आमघाट लिफ्ट सिँचाइ आयोजनाका अध्यक्ष भीमसेन रानाले बताए ।

'आयोजना निर्माण भएको वर्ष वर्षामा आएको बाढीले गर्दा नदीले धार परिवर्तन गर्‍यो', उनले भने, 'नदीलाई फर्काउन सकेनौँ, त्यसपछि आयोजना सञ्चालनमा आउन सकेन् ।' निर्माण व्यवसायीले एक पटक पानी पाइप लाइनमार्फत पुर्‍याएको जनाउँदै उनले पछि बाढीका कारण आयोजना सञ्चालन हुन नसकेको उल्लेख गरे ।

पटकपटक प्रदेश र नगरपालिका कार्यालयमा आयोजना सञ्चालनका लागि बजेटको माग गर्दै पुगेपनि सुनवाइ हुन नसकेको अध्यक्ष रानाको भनाइ छ । आयोजना सञ्चालनमा ल्याउनका लागि वैकल्पिक उपायका रूपमा डिप बोरिङ गरे मात्रै सम्भव हुने उनले बताए ।

नदी फर्काएर अहिले ल्याए पनि अर्को बर्खातको बाढीमा पुरानै धारमा बग्ने भएकाले आयोजनालाई 'रिभर वेस'मा आधारित भएर चलाउन सम्भव नहुने अध्यक्ष रानाले बताए । उनका अनुसार आयोजनाअन्तर्गत पाँच केभिएको ट्रान्सफर्मर राख्ने, विद्युत्को थ्रिफेस लाइन राख्ने, विद्युतीय मोटर जडानलगायत यन्त्र राख्ने घर निर्माण गरिएको छ । सिँचाइका लागि किसानका खेतमा पाइप लाइन बिछ्याउने कार्य गरिएको शुक्लाफाँटा–१२ का वडाध्यक्ष नवलसिंह रानाले बताउँदै वडाको बजेटले आयोजनालाई सञ्चालन गर्न सकिने धारणा राखे ।

'आयोजनालाई पूर्ण रूपमा सञ्चालन गर्न नदी फर्काउनुपर्ने हुन्छ', उनले भने, 'त्यसका लागि ठूलो बजेट आवश्यक पर्नेमा त्यो वडासँग छैन ।' नगर र प्रदेश सरकारसँग बजेटका लागि पहल गर्ने बताउँदै उहाँले आयोजना सञ्चालनमा आएका लालझाडी गाउँपालिकाका दुई सय र शुक्लाफाँटाका दुई सय परिवार लाभान्वित हुने जानकारी दिए ।

सिँचाइ आयोजना अलपत्र परेपछि पानी तान्न राखिएका विद्युतीय मोटरलगायत सामग्री चोरी हुन थालेका छन् । गएको महिना मात्रै चोरले विद्युतीय मोटर चोरी गरेर लैजादै गरेको अवस्थामा स्थानीयले बरामद गरेका थिए ।रासस

# सप्तरीमा सिटी रिक्सा चार्ज गर्ने क्रममा श्रीमान्, श्रीमतीको मृत्यु



**मधेशदृष्टि**
**राजविराज ।**
सप्तरीको रुपनी गाउँपालिका–२ पौवाँमा आज सिटी रिक्सा चार्ज गर्ने क्रममा करेन्ट लागेर एक दम्पतीको ज्यान गएको छ ।
स्थानीय ४५ वर्षीय बालेश्वर खंग मण्डल र उनकी श्रीमती ४२ वर्षीया रामकुमारी खंग दुवै जनाको विद्युत्बाट चल्ने सिटी रिक्सा चार्ज गर्ने क्रममा करेन्ट लाग्दा मृत्यु भएको जिल्ला प्रहरी कार्यालयका प्रहरी निरीक्षक उदयकुमार राईले जनाकारी दिए ।
प्रहरी निरीक्षक राईका अनुसार आफ्नै घरमा सिटी रिक्सा चार्ज गर्न खोज्दा पहिला श्रीमान्लाई करेन्ट लागेपछि उनलाई छुटाउन जाँदा श्रीमतीलाई समेत करेन्ट लागेको थियो । सो क्रममा करेन्ट लागेपछि उनीहरूको दुवै जनाको घटनास्थलमै मृत्यु भएको प्रहरीको भनाइ छ । खंग दम्पत्तिलाई राती नै करेन्ट लागे पनि विहान करिब ४.०० बजेतिर जेठो छोरा सुरजले बुवालाई करेन्ट लागेको भनी जानकारी दिएपछि हतार–हतार उठाउने क्रममा चोट लागेर आफु पनि घाइते भएको छिमेकी प्रमिला कुमारी खंगले बताइन् । आफु हेर्न जाँदा बालेश्वर र रामकुमारी रिक्सामुनि ढलेको जानकारी दिँदै उनले भनिन् –'मैले करेन्ट छुटाउन जाँदा झट्का लागेर म पनि घाइते भएँ, जेठो छोरा सुरजले विद्युत लाइन काटेपछि छरछिमेकको सहयोगमा दुवैजनाको शव रिक्सामुनिबाट बाहिर निकालियो ।'घटनाबारे जानकारी पाएलगत्तै पालिकाका अध्यक्ष दिनेश कुमार यादव घटनास्थल पुगेका थिए । उनका अनुसार केही महिनाअघि बालेश्वरले ई–रिक्सा किनेर राजविराज लगायतका क्षेत्रमा चलाउँदैआएका थिए । परिवारको एक्लो सहाराको रुपमा रहेका बालेश्वर र पत्नी रामकुमारीको एकसाथ मृत्यु भएपछि छोराछोरीमाथि बज्रपात नै परेको छ ।
१९ वर्षिय जेठो छोरा सुरजको विवाह केही महिना अघिमात्र भएको थियो । सात वर्षिय कान्छो छोरा जन्मजात वाक अक्षम (आवाज विहिन) रहेको तथा घरको अवस्था पनि अत्यन्त कमजोर रहेको पालिका अध्यक्ष यादवले जानकारी दिएका छन् । खंग दम्पत्तिको मृत्यु भएपछि गाउँ नै शोकमा डुबेको छ ।
यता खंग दम्पत्तिको शवलाई पोष्टमार्टमका लागि राजविराज स्थित गजेन्द्रनारायण सिंह अस्पताल लगिएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

# मधेश प्रदेशमा खडेरीको चपेटाः ४७ प्रतिशत मात्र धान रोपाइँ

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
देशको अन्न भण्डारका रूपमा चिनिने मधेश प्रदेशमा यस वर्ष मनसुन अनियमित तथा कमजोर भएपछि धान रोपाइँ गम्भीर रूपले प्रभावित भएको छ । मधेश प्रदेशको भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयका अनुसार हालसम्म प्रदेशभर जम्मा ४७ प्रतिशत मात्रै रोपाइँ सम्पन्न भएको छ । विशेषगरी महोत्तरी जिल्लाका किसानहरू वर्षा नपरेपछि चिन्तित छन् । कुल ७१ हजार ५७० हेक्टर खेतीयोग्य जमिनमध्ये ६४ हजार ९७७ हेक्टरमा नियमित खेती हुँदै आएको छ। तर, हालसम्म जिल्लामा करिब ३० प्रतिशत जमिनमा मात्र धान रोपाइँ सम्पन्न भएको छ । जिल्लाको उत्तरपश्चिमी क्षेत्रमा रहेका केही किसानहरूले मोटर, डिजेल पम्प, इनार, नदीनाला र स्यालो ट्युबवेलको सहायताले २५ प्रतिशत रोपाइँ गर्न सफल भएका छन्। यद्यपि, समग्र जिल्लाको अवस्था भने सन्तोषजनक छैन। पानी नपरेका कारण रोपिएको धानको ब्याड सुक्न थालेको छ भने थोरै मात्रामा रोपाइँ गरिएका खेतहरूमा पनि धाँजा फाट्न थालेका छन् ।
मटिहानी नगरपालिका–७ र ८ नम्बर वडाका अधिकांश खेत अझै पनि सुख्खा छन्। केही खेतहरूमा पम्पसेटको सहायताले रोपाइँ गरिए पनि पानीको अभावले जमिन चर्किएको देखिन्छ ।
स्थानीय इस्लाम कवाडी भन्छन्, 'खेती पनि आकाशको पानीको भरमा गर्नु पर्ने, खै यो साल त खेती हुँदैन होला ।' उनले पीडा पोख्दै बताए कि अहिले त पिउने पानी समेत कलबाट आउन छोडेको छ ।
अर्की स्थानीय शान्ति खतवाले पनि खडेरीका कारण यो वर्ष खेत बाँझै रहेको दुःखेसो पोखिन् । 'पैसा हुनेले पम्पसेट लगाएर धान रोप्छन्, हामी त आकाश हेरेर बसेका छौँ,' उनले भनिन् ।
यसैबीच, मधेश प्रदेश सरकारले सङ्घीय सरकारसमक्ष सिफारिस गरेपछि मन्त्रिपरिषद्ले मधेशलाई तीन महिनाका लागि 'विपद् सङ्कटग्रस्त क्षेत्र' घोषणा गरिसकेको छ ।
प्रधानमन्त्री केपी शर्मा ओलीले शुक्रबार हेलिकप्टरमार्फत् सुख्खाग्रस्त क्षेत्रहरूको हवाई अनुगमन गरेका छन् ।
हाल किसानहरू पानीका लागि आकाश हेरेर बसेका छन् भने कोही स्थानीय सरकार र सम्बन्धित निकायहरूबाट राहत र सहयोगको प्रतीक्षामा छन् ।

# कमला नहरमा डुबेका बालकको शव भेटियो

**सिरहा ।**
सिरहाको कर्जन्हा नगरपालिका–११ बगहास्थित कमला नहरमा डुबेर हराएका करिब छ वर्षीय बालकको शव एक दिनपछि मिर्चैयामा फेला परेको छ । बिहीबार दिउँसो हजुरआमासँग भैँसी चराउन गएका दीपक महराका छोरा शिवा महरा नहरमा नुहाउने क्रममा डुबेर हराएका थिए । बालक कर्जन्हा–११ को बगहा पासवान टोल निवासी हुन् ।
बालकको खोजीमा नेपाल प्रहरी र सशस्त्र प्रहरीको टोली परिचालन गरिएको थियो । जिल्ला प्रहरी कार्यालय सिरहाका अनुसार खोजतलासका क्रममा शुक्रबार अपराह्न करिब ४ बजेतिर मिर्चैया नगरपालिका–३, वीरपुर बजारदेखि दक्षिणतर्फको कमला नहरमा बालकको शव फेला परेको हो ।
जिल्ला प्रहरी कार्यालय सिरहाका सूचना अधिकारी तथा प्रहरी नायब उपरीक्षक बिरेन्द्र पासवानका अनुसार बिहीबार बिहान करिब १० बजे बालक नहरमा डुबेको सूचना पाएको परिवारजन र स्थानीयले आफैँ खोजी सुरु गरेका थिए । तर दिउँसो करिब २:३० बजेतिर मात्र घटना प्रहरीलाई जानकारी गराइएको थियो ।
खबर प्राप्त भएपछि प्रहरी घटनास्थलमा पुगेर बालकको खोजी गरेको थियो भने शुक्रबार बिहानदेखि सुरु गरिएको खोजीका क्रममा शव मिर्चैया नहरतर्फ भेटिएको हो ।
शव भेटिए लगत्तै आवश्यक कानुनी प्रक्रिया पूरा गरी लहानस्थित रामकुमार उमाप्रसाद प्रादेशिक अस्पतालमा शव परीक्षणका लागि पठाइएको प्रहरीले जनाएको छ ।रासस

# डुबेर बेपत्ता भएका बालकको शव फेला

**मधेशदृष्टि**
**रौतहट ।**
रौतहटको चन्द्रपुर नगरपालिका–१ बागमती नदी (नुनथर)मा जल भर्ने क्रममा डुबेर बेपत्ता भारतीय बालकको शव फेला परेको छ ।
बोलबमका लागि जल भर्ने क्रममा शुक्रबार साँझ नदिमा डुबेर बेपत्ता भएको बालकको शव शनिबार फेला परेको प्रहरीले जानकारी दिएको छ । ईलाका प्रहरी कार्यलय चन्द्रनिगाहपुर र सशस्त्र प्रहरीको संयुक्त टोलीले बालकको खोजी गर्ने क्रममा शव फेला परेको रौतहट प्रहरी प्रवक्ता तथा प्रहरी नायव उपरीक्षक दीपक कुमार रायले बताए ।
भारत बिहार सीतामढी जिल्लाको ग्राम जमुआहा १ पञ्चायत मठिया बस्ने शिवशङ्कर साहका १४ वर्षीय छोरा पवन कुमार साहको शव फेला परेको उनले जानकारी दिए ।
बालकको घटनास्थलदेखि करिब १५० मिटर दक्षिणमा रहेको झोलुङ्गे पुल नजिकै तैरिरहेको अवस्थामा शव फेला परेको जिल्ला प्रहरी कार्यालय रौतहटले जनाएको छ । बालकको शवलाई परिवारलाई जिम्मा दिएको र उक्त घटना सम्बन्धमा आवश्यक अनुसन्धान भैइरहेको रौतहट प्रहरीले जानकारी दिएको छ ।

# यातायात कार्यालयले सङ्कलन गऱ्यो करिब ६७ करोड राजस्व

**जनकपुरधाम ।**
यातायात व्यवस्था कार्यालय जनकपुरधामले आर्थिक वर्ष २०८१/८२ मा ६६ करोड ६९ लाख ४३ हजार नौ सय ८० रुपैयाँ राजस्व सङ्कलन गरेको छ ।
कार्यालयले गत आवमा चालक अनुमतिपत्र वितरण, नवीकरण र त्यसको जरिवाना, नयाँ सवारीसाधनको दर्ता, सवारी साधन नवीकरण तथा रुट परमिट, नामसारी र पटकेलगायतका विभिन्न शीर्षकबाट राजस्व सङ्कलन गरेको हो । कार्यालय प्रमुख धनञ्जयकुमार सिंहले विद्युत् समस्या समाधानका लागि सोलार जडान गरेकाले सेवाप्रवाहमा सुधार आएको बताए । उक्त अवधिमा सरकारी, सार्वजनिक र भाडाका साथै निजीतर्फका ठूला, मझौला तथा साना सवारी गरी आठ हजार ५७ सवारी साधनको दर्ता, नवीकरण तथा नामसारी गरिएको छ । रासस

# स्रोत नखुलेको १० लाख नगदसहित भारतीय नागरिक पक्राउ

**सिरहा ।**
यहाँको लहान–३ अस्पताल चोकदेखि आज सशस्त्र प्रहरीले स्रोत नखुलेको १० लाख एक हजार ६९५ रुपैयाँ नगदसहित एक भारतीय नागरिकलाई पक्राउ गरेको छ । पक्राउ पर्नेमा भारतको मधुवनी जिल्लास्थित लौकाहा बजार बस्ने अन्दाजी २४ वर्षीय राहुल कुमार रहेका छन् ।
सशस्त्र प्रहरी बल, नेपाल नं. ७ गण सिरहाका गणपति, सशस्त्र प्रहरी उपरीक्षक नरेश भण्डारीका अनुसार बिहान करिब ९:३० बजे सुरक्षा वेश क्याम्प लहानबाट खटिएको 'चेक प्वाइन्ट' टोलीले यात्रुवाहक सवारी जाँच गर्ने क्रममा इनरुवाबाट लहानतर्फ आउँदै गरेको बसमा सवार राहुल कुमारलाई नियन्त्रणमा लिएको हो ।
पक्राउ परेका राहुल कुमारलाई नगदसहित भन्सार कार्यालयमा बुझाउने प्रक्रिया अघि बढाइएको उनले जानकारी दिए ।रासस

# करदाता सेवा कार्यालय चन्द्रपुरले ७८ प्रतिशतभन्दा बढी राजस्व संकलन

**मधेशदृष्टि**
**रौतहट ।**
करदाता सेवा कार्यालय चन्द्रपुर, रौतहटले आर्थिक वर्ष २०८१/०८२ मा राजस्व संकलन लक्ष्यको ७८.३७ प्रतिशत पुरा गरेको छ । ५० करोड ५६ लाख २५ हजार रुपैयाँ संकलनको लक्ष्य राखिएकोमा कार्यालयले ३९ करोड ६२ लाख ४६ हजार रुपैयाँ राजस्व संकलन गर्न सफल भएको हो ।
कार्यालयकी सूचना अधिकारी तथा निमित्त कर अधिकृत सजिना श्रेष्ठका अनुसार संकलन भएको राजस्व अघिल्लो आर्थिक वर्षको तुलनामा १४.४१ प्रतिशतले वृद्धि भएको हो । आर्थिक वर्ष २०८०/०८१ मा ३८ करोड १८ लाख १० हजार राजस्व संकलन गरिएको थियो, जुन लक्ष्यको ६३.९६ प्रतिशत मात्र थियो । नागरिकहरूलाई करप्रति सकारात्मक बनाउने उद्देश्यले कार्यालयले आर्थिक वर्ष २०८१/०८२ मा ८ वटा करदाता शिक्षा कार्यक्रम सञ्चालन गरेको थियो । स्थानीय तह, उद्योग वाणिज्य सङ्घ तथा अन्य सरोकारवालासँग समन्वय गर्दै करदाता शिक्षाको आयोजन, कर तिर्न बाँकी व्यवसायी तथा नागरिकलाई परामर्श, करसम्बन्धी म्यासेज तथा सूचना प्रवाह लगायतका प्रयासका कारण राजस्व संकलनमा वृद्धि भएको श्रेष्ठले बताए । उनका अनुसार चालु आर्थिक वर्षमा लक्ष्यअनुसार राजस्व संकलन गर्न कार्ययोजना तयार पारिएको छ । बजार अनुगमनलाई तीव्रता दिने, करदाता शिक्षा कार्यक्रम विस्तार गर्ने तथा मूल्य अभिवृद्धि करमा २०७८ चैत मसान्तसम्मको ब्याजमा ७५ प्रतिशत सहुलियतसम्बन्धी प्रचार–प्रसारमा विशेष जोड दिइनेछ ।
कार्यालयबाट आयकर तर्फ २१ करोड ६९ लाख ७८ हजार, मूल्य अभिवृद्धिकरतर्फ १५ करोड ३७ लाख तीन हजार, अन्त शुल्कतर्फ ५९ लाख ७३ हजार, बहाल करतर्फ ६२ लाख ९८ हजार र ब्याजतर्फ १ करोड ३२ लाख ९५ हजार राजस्व सङ्कलन भएको हो । हालसम्म आयकरतर्फ १६ हजार नौ सय ७७, मुअकरतर्फ छ हजार दुई सय २५, अन्तशुल्कतर्फ पाँच सय २९ तथा व्यक्तिगत प्यानतर्फ एघार हजार ६ सय ६४ करदाता रहेको कार्यालयले जनाएको छ ।

# ट्राफिक कारवाहीमा एक करोड राजश्व संकलन




**मधेशदृष्टि**
**रौतहट**
साउन १० – ट्राफिक नियम उल्लङ्घन गर्ने सवारीसाधनहरूलाई गरिएको कारबाहीबाट आर्थिक वर्ष २०८१/०८२ मा रौतहट जिल्लाले १ करोड ४७ लाख ३८ हजार रुपैयाँभन्दा बढी राजस्व संकलन गरेको छ ।
जिल्ला ट्राफिक प्रहरी कार्यालय चन्द्रनिगाहपुरका प्रमुख इन्स्पेक्टर लोकेन्द्र अधिकारीका अनुसार साउनदेखि असार मसान्तसम्मको अवधिमा १६ हजार १४८ वटा सवारीसाधनहरू ट्राफिक नियम उल्लङ्घनको अभियोगमा कारबाहीमा परेका थिए। सोही कारबाहीबाट उक्त परिमाणमा राजस्व संकलन गरिएको हो।
मासिक औसतमा हेर्दा १ हजार ३५० भन्दा बढी सवारीसाधन कारबाहीमा परेका छन्, जुन ट्राफिक नियम उल्लङ्घनको गम्भीरता र व्यापकता दर्शाउने तथ्य हो। यसले ट्राफिक सचेतना अभिवृद्धि र नियमको पालना सुनिश्चित गर्न अझ प्रभावकारी पहल आवश्यक रहेको देखाएको छ।
यही अवधिमा, जिल्लाभर ८०८ वटा सवारी दुर्घटना भएका छन्। ती दुर्घटनामा ६६ जनाको ज्यान गएको छ भने ९२ जना गम्भीर घाइते भएका छन्। सामान्य घाइतेको सङ्ख्या १ हजार १८४ पुगेको छ।
ट्राफिक प्रहरी कार्यालयका अनुसार दुर्घटनाको दर घटाउन गत आर्थिक वर्षमा ४ हजार २०९ वटा ट्राफिक सचेतनामूलक कार्यक्रम सञ्चालन गरिएका थिए। ती कार्यक्रमहरूबाट सवारी चालक, यात्रु तथा सर्वसाधारण गरी ८८ हजार ३९ जना प्रत्यक्ष लाभान्वित भएका छन्।

# भन्सार छलिको आरोपमा ट्रकसहित सामान नियन्त्रणमा

**मधेशदृष्टि**
**बारा ।**
बारा प्रहरीले ठुलो परिमाणमा भन्सार छली गरिएको आशङ्कामा एक ट्रकसहित ५२ लाख रुपैयाँभन्दा बढी मूल्यका विभिन्न सामानहरू नियन्त्रणमा लिएको छ ।
विशेष सूचनाका आधारमा इलाका प्रहरी कार्यालय सिमराबाट खटिएको प्रहरी टोलीले वीरगञ्जबाट नारायणगढतर्फ जाँदै गरेको ना ४ ख ५६७२ नम्बरको ट्रकलाई सिमरा चौकस्थित पूर्व–पश्चिम राजमार्गमा रोकेर जाँच गरेको थियो ।
जाँचका क्रममा ट्रकमा लोड गरिएको सामानको बिल, बिजक र ढुवानी विवरणबीच असमानता देखिएपछि




प्रहरीले भन्सार छली गरिएको आशङ्का गर्दै ट्रक नियन्त्रणमा लिएको हो । बारा प्रहरीले दिएको जानकारीअनुसार उक्त ट्रकबाट करिब ५२ लाख ७० हजार ९३ रुपैयाँ मूल्य बराबरको कपडा, साइकलका पार्टपुर्जा, विभिन्न प्रकारका रसायन (केमिकल), औषधि र अन्य खुद्रा सामग्री बरामद गरिएको छ ।हाल ट्रकसहित बरामद सामग्रीहरू नियन्त्रणमा राखी आवश्यक कानुनी प्रक्रिया अघि बढाइएको प्रहरीले जनाएको छ ।

सम्पादकीय

# सुक्खा आँखाको समस्या बढ्दो

*बदलिएको जीवनशैली, वातावरणीय असर र प्रविधिको अत्यधिक प्रयोगका कारण सुक्खा आँखाको समस्या दिनप्रतिदिन बढ्दै गएको छ । आँखा पोल्ने, बिझाउने, रातो हुने, धमिलो भएजस्तो महसुस हुने समस्या देखिन थालेका छन् । सुक्खा आँखाको समस्या यस्तै लक्षणहरुबाट पहिचान हुने हो । सावधानी अपनाउने बला भएको सूचक हो । आँखामा आँसुको मात्रा पर्याप्त नहुनु वा भएको आँसु छिटो वाष्प भएर हराउने गर्दछ । आँखा पोल्ने, बालुवा परेको जस्तो बिझाउने, चिलाउने, रातो हुने र धमिलो देखिने लक्षण देखा परिरहेको छ ।*

*धूवाँ, धूलो, प्रदूषण, एसी र फ्यानमा लामो समय बस्दा पनि आँखामा सुक्खापन बढ्न सक्छ । धुम्रपान गर्नेलाई पनि यो समस्याले सताउन सक्छ । मोबाइल, कम्प्युटर, ल्यापटपजस्ता प्रविधिको अत्यधिक प्रयोग गर्दा आँखा झिम्क्याउने दर कम हुन्छ, जसले आँसु छिटो सुकेर पनि समस्या हुने गर्छ ।*

*मोबाइल, कम्प्युटर, ल्यापटपको प्रयोग गर्दा हरेक २०–२५ मिनेटमा रोकिएर (‘ब्रेक’ लिएर), केहीबेर टाढा हेर्ने र कम्तीमा २०–२५ पटक आँखा झिम्क्याउने बानी बसाल्न सकिन्छ । मोबाइलमा गेम खेल्दा एकदमै ध्यान एकत्रित हुँदा आँखा झिम्क्याउन बिर्सिने भएकाले पनि यसले आँखाकै समस्या निम्त्याउँछ । आँखामा बढी तनाब पर्ने काम घटाउन जरुरी छ । लामो समयसम्म आँखा झिम्क्याउन बिर्सियौँ भने आँखा सुक्खा भएर समस्या भइरहेको छ । यो क्रम बढिरहेको छ ।*

*यदि यस्तो समस्या देखिए ‘लुब्रिकेटिङ’ आँखा ‘ड्रप्स’को प्रयोग गर्न सकिन्छ । यो समस्या लिएर आउने अधिकांश बिरामी सामान्यदेखि मध्यम लक्षणमा पुगिसकेका हुन्छन् । कहिलेकाहीँ सुक्खा आँखा शरीरका अन्य रोगजस्तै बाथरोग, थाइराइड समस्या वा केही प्रकारका ‘हर्मोन सप्लिमेन्ट’का कारण पनि हुनसक्ने भएकाले यस्तो अवस्थामा केबल ड्रप्स प्रयोग पर्याप्त नहुने गर्दछ । विशेषज्ञ चिकित्सकसँग परामर्श लिन आवश्यक हुन्छ । सुक्खा आँखा देखिए आत्तिनु पर्दैन तर लापरबाही गर्नु हुँदैन । समस्या बढे लुब्रिकेटिङ ड्रप्स प्रयोग गर्नुपर्छ, अनि सुधार नआए आँखाको विशेषज्ञसँग सम्पर्क गर्नुपर्छ ।*

# निन्दानिषेध समाजमा हिंसाको पुस्तान्तरण



रामकुमार एलन

स्कुल पढ्दा गाउँमा महिलाको लर्को लाग्थ्यो । व्रत बसेका महिला शिव मन्दिर लिपपोत गरी त्यहाँ पूजा गर्न आउँथे । मादल घन्किन्थे। मादल बजाउने महिला पनि हुन्थे। शिव महादेवका अगाडि उही घरकै कुरा काटिन्थे । ‘मेरा सासु यस्ता, मेरा ससुरा यस्ता, श्रीमान पनि त्यस्तै, नन्दआमाजु पनि कस्ता !’ शिवले यस्तो कुरा सुन्छन्जस्तो लाग्थेन। स्वस्थानीका अक्सर अध्याय र शब्दहरू पनि कण्ठाग्र थियो कुनै बेला । स्वस्थानी पढ्ने हुटहुटीले सालमै तीनपटकसम्म स्वास्थानी पढेको छु, अर्थात् एक दिनमा ३ अध्यायसम्म पढेको छु। स्वस्थानीमा पार्वती र गोमा बाहुनीका कथा छन् ।
नाम स्वस्थानी रहेपनि त्यहाँ शिवको महिमा गाइएको छ । शिव महात्मा र शिव भगवानकै आत्मा हो स्वस्थानी । जहाँ भगवान शिव पाउन पार्वतीको कठोर व्रत छ । गौरीको तपस्या छ । गोमा बाहुनीको अथाह पीडा छ । आफ्नै छोरो नचिनेर गणेशको टाउको काट्दा समेत झगडा गर्न नसक्ने र माफी दिनुपर्ने विवश अवस्थामा छिन् पार्वती । तर तिनै शिव महान छन् । वृन्दाका पति जालन्धरको रूप धारण गरेर (छलेर) वृन्दालाई छल–करणी गर्न जाँदा थुनिएरसमेत हाम्रा देउताको आलोचना हुने गरेको छैन । आफूलाई छल गर्न आउने विष्णुलाई रातभरि थुन्ने महान छोरी वृन्दालाई कतै ‘नायक’का रूपमा प्रस्तुत गरिएको पनि छैन । र, सगप्रमा स्वस्थानी भन्छ, ‘शिवको पूजाअर्चनाले मात्रै पनि यो एकबारको मनुष्य जूनी स्वात्तै साकार हुन्छ ।’
‘चरित्र अलि कट्मेरो अम्बाजस्तो देखिने शिव भगवानको महिमाले साँच्चै हाम्रो जीवन सार्थक हुन्छ र ?’ बालचेतको अबोध प्रश्नमा मामाघरका हजुरआमा भन्नुहुन्थ्यो, ‘स्वस्थानी र भगवानको निन्दा गर्न हुन्न । नवराजको आमाजस्तै पतित हुन्छ ।’ हजुरआमाको पुस्ता भगवानको निन्दा गर्न हुन्न भन्थे । ३० को अन्त्यतिरसम्म पनि काठमाडौँ जाँदा पशुपतिनाथ नाघिन्छ भनेर हवाईजहाज नचढ्नेमध्ये अहिले पनि केही त धुकधुकी लिएर बाँचिरहनु भएको होला ।
विजयकुमारको पुस्तक ‘खुशी’मा लेखिएको छ, ‘२०४२ सालमा नेपाल टेलिभिजन शुरु भयो, जबकि धनाढ्यको घरमा टेलिभिजन सेट अलि अगाडि नै आइसकेको थियो, साँझ पशुपतिबाट आरती देखाएर शुरु हुने नेपाल टेलिभिजन हेर्न टिभी भएका घरमा बसेकाहरू टिभीले पशुपति देखाएपछि घरमै बसेर अक्षता फाल्थे ।’
अब तीजतिर लागौँ । मन्दिरका वरण्डामा बसेर हामी सुन्थ्यौँ । आमा दिदीबहिनी घरका कुरा सर्लक्कै भिडमा ल्याएर पीडाको बिस्कुन सुकाउँथे। मन हल्का हुन्थ्यो होला । व्रतचाहिँ पतिको आयु बढाउने थियो । तर गीतचाहिँ पतिले जोरलात्ती बजार्ने, ससुराले नदेखे झैँ गर्ने, सासुले नन्द र आमाजुका कुरा सुनेर वरपर ढिम्कनै नदिने विषयका हुन्थे गीत । माइतीमा पनि आफ्ना आमा नभई सानीआमाको खटनपटन चलेको, भाइहरू सौतेनी भएकाले तिनले सहयोग नगर्ने, बाबु स्वयम् निसहाय रहेको सन्देश दिने गीत गाउँथे ।
तर महिलाहरू स्वयम् जुट्न नसकेका कारण महिलाले दुःख पाएका हुन् भन्ने निचोड–भावका गीत कहिल्यै सुन्न पाइएन । महिलाहरू जागरूक, एकिकृत भई प्रतिरोध नगरेका कारण पितृसत्ता हावी भयो भन्ने तथ्य अझै पनि महिला जगतको धेरै हिस्साले महसुस गरेझैँ बुझिन्न । किनभने हामीले यस्तो मनोग्रन्थी विकास गरेका छौँ–आफ्नी छोरीले जतिसुकै अनुचित व्यवहार प्रदर्शन गरेपनि बुहारीचाहिँ बिहानै उठेर सासुको गोडा ढोग्ने संस्कारी चाहिन्छ ।’ समस्या यहीँबाट शुरु भएको छ ।
हिंसाले समाज आक्रान्त छ । ससाना छोरीहरू घर छाडेर काठमाडौँ आएका ओखलढुंगाका एउटा परिवार अहिले छोरीले आफूलाई करणी गर्न खोजेको आरोपमा शिक्षकविरुद्ध मुद्दा दायर गर्दा उल्टै, समाजमै अपहेलित हुनुपर्ने अवस्था झेलिरहेका छन् । यौनहिंसामा शिक्षक, प्रहरी र जनप्रतिनिधिलेसमेत संलग्न देखिन्छन् । ससाना कुरामा मन नमिल्दैमा हतारमा सम्बन्ध विच्छेद गर्ने र फुर्सदमा पछुताउने समाज कम छैन ।
सम्बन्ध विच्छेदपछि एकले अर्कालाई गरेको माया सम्झेर भक्कानिनेहरू सम्बन्ध विच्छेदजस्तै पुनर्विवाहमा जोडिन सकेका छैनन् । आनीबानी थाहा हुँदाहुँदै पहिले विवाह गरेर पछि छुटन पाएका छन् कतिपय जोडीले । तर कतिपय गाउँमा अमिल्दो उमेरकाबाट यौन दुर्वयवहारमा समाजले बलजफ्ति विवाहसमेत गरिदिएको छ । तर ती अबोध बालिकाहरूले चाहिँ चाहेर पनि सम्बन्ध विच्छेद गर्न पाएका–सकेका छैनन् ।
समाजमा महिलाले प्रगति गरेका छन् । कैयौँ एकल महिलाले आफ्ना सारा चोट बिर्सेर सन्तानको मुख हेरेर मात्रै जीवन बिताएका छैनन् । समाजमा अनुकरणीय काम गरेर अब्बल जीवन जिउने महिलाहरू पनि छन् आज । उद्योग, प्रशासन, बैंक जताततै महिलाको अब्बल पुस्ताले नेतृत्व गरेका छन् । सैनिक, प्रशासन र प्रहरीमा महिलाको शंख्या बढ्दै जाँदा देशले दुई दुई पटक महिला राष्ट्र प्रमुखसमेत पायो । महिलाले छोटो समयमा फड्को मारिरहँदा हाम्रा तीजका गीतहरूमा किन सुधार भएका, संगठति हुन आह्वान गरिएका प्रगतीशीलहरू बनाइँदैनन् ? किनभने त्यस्ता गीतहरू सहजै भाइरल हुँदैनन् । लगानी सोत्तर हुन्छ ।
यसरी पनि तीज महिमाका नाममा श्रीमानका जोरलात्ती, सासुका खटन र नन्दआमाजुको दबाबलाई मात्रै गीत बनाउने गरिएको छ । गीतमा पहिला सासुससुरा र जेठाजु, आमाजुबाट हुने हिंसा बढी लेखिन्थे भने अहिले यसको केही पुस्तान्तरण भएको छ ।
अब श्रीमानले कुटेका डामहरू अक्षम्य छन् । कमसेकम प्रहरी अदालत धाउन सक्नेको हकमा त्यस्ता प्रहरीविरूद्ध मुद्दा चल्छ । अदालतले सम्पत्तिसहित वैधानिक रूपमा सम्बन्ध विच्छेदका लागि बाटो खुलाउँछ । जब कसैसँग सम्बन्ध सिध्दिन्छ भने आफ्नो भविष्य आफैँ बनाउने हो । गन्तव्य खोज्दै सफलताको बाटोमा लाग्ने हो ।
हालै एउटा गीतको अन्तराले भनिरहेको छ, ‘आँशु दिनेलाई आँशु नै आओस् ।’ अपराधीलाई आँशु नै आओस् भनेर उम्मुक्ति दिन मिल्छ ? उसलाई त कानूनी कठघरामा उभ्याउनुपर्छ । जसरी ओखढुंगाकी एउटी किशोरीले हिम्मत जुटाएर आफूविरुद्ध जाइलाग्ने यौपिपासु शिक्षकविरुद्ध मुद्दा दायर गरिन्, स्रस्टाले पनि गीत लेखेर, संगीत भरेर, आँशुको कारोबार गरेर डलर आम्दानीमा आफूलाई सीमित राख्नुहुन्न । बरू गीतसंगीतका माध्यमबाट पनि शशक्तिकरणमा काम गर्नुपर्छ । स्थानीय तहदेखि प्रदेश हुँदै केन्द्र सरकारले पनि कानून निर्माणको काम गरिरहेको छ ।
कानून संशोधनसमेत अहिलेको सरकारको प्रमुख एजेण्डा हो । प्रहरी प्रशासन, अड्डाअदालत मात्रै होइन स्थानीय सरकारले समेत हिंसा न्यूनीकरणमा कठोर कदम चालेको छ । पहिलाजस्तो मिलाप र पुर्नएकीकरणका नाममा यौन अपराधलाई संरक्षण पुग्ने, पीडिकलाई पुरस्कार हुने अमिल्दो विवाहलाई निषेध र निस्तेज गरिरहेको अवस्था छ । यस्तो अवस्थामा स्रस्टाहरूले वश हिंसाको पुस्तान्तरण मात्र गरेका छन् । सामाजिक सञ्जालमा सस्तो लोकप्रियताका लागि शब्दजाल बुनेर असली अपराधीलाई चैँ स्वस्थानीमा शिव र विष्णुमाथि कुनै कारबाही नहुने व्यवस्था जस्तै अहिले पनि पत्नी, बहिनी, भाञ्जी, विद्यार्थी, चेली पीडकहरूलाई गीत गाएर छुट दिने काम माफीयोग्य होइन। मन्दिरका तीजका भजन र गीत बदलिएर युट्युब र टिकटक रिलमा आइपुग्दा अपराधी र पीडक चैँ ‘सराप’का भरमा उन्मुक्त भइरहने वातावरण निर्माण गरिनु पटक्कै सुहाउँदैन । सत्य हो भने पीडक कारबाहीयोग्य हुनैपर्छ, पात्र र पुरुष समुदाय फरक भएकाले आपराधिक पात्रलाई प्रहार गर्न पुरुष समुदाय पनि तयार छन् भने स्रस्टाले नबुझेकै हुन् त ?

# मधुमय व्रत मधुश्रावणी



डा. रेवतीरमण लाल

प्रत्येक श्रावणमा वर्षाको रिमझीम को मधुर सुहावन झरी बीच पृथ्वी को कोख भरी हाल्छ र संपूर्ण पृथ्वी हरियो हरियो बनस्पतिले परिपूर्ण हुन्छ । यो मास लाई मधुवास पनि भन्ने गरिन्छ । प्रत्येक मठ एवं कुटीहरुमा भूmलनको भंmकार शुरुहुन्छ । मिथिलांचल को जनकपुर मा प्रत्येक कुटी र मठ मंदिरहरु मा भूmलन प्रारंभ हुन्छ र प्रत्येक साँझ भूmमर एवं भूmलनको गीतहरु को रहेभर अनुगुंजित हुन थाल्छ । यसै मधुरिम महिना मा मधुश्रावणी व्रत पनि शुरु हुन्छ । यो पर्व पंद्र दिन चल्छ र विहे भएको पहिलो पटक श्रावण मास परेको मिथिलानीहरु यो व्रत गर्दछिन ।

यस व्रतमा मुख्य रुपमा गौरी पूजन र नाग पूजन को परंपरा रहेको छ । गौरी लाई दाम्पत्य जीवनको रक्षक र सुखमय दाम्पत्य जीवन की देवी को रुपमा लीइन्छ । रामायण अनुसार जनक नंदिनी जानकी पनि विहेभन्दा पूर्व देखिनै गौरी पूजा गरेकी ले राम जस्तो लोग्ने पाउनु भएको कौशल्या जस्तो सासु र भरत लक्षमण जस्तो देवर को साथै दशरथ जस्तो पराव्रm मी ससुरा पाउनु भएको थियो ।

मिथिलानिहरु कतिपय ले विहेभंदा पूर्व र अधिकांश ले बिहे भएको भोलीपल्ट देखि गौरी पूजा गर्ने गरेको परंपरा छ । विहेको बखत कोबर घरमा र मधुश्रावणी व्रतको वखत मधुश्रावणी पूजने ठाउमा सिन्दुर र पिठार ले सिंगारिएको माटो पातिल भन्ने भाडोमा अहर्निश बोयो बालि राखेको हुन्छ जो गौरीको प्रतिक हुन्छ । भनीन्छ गौरी महादेव जस्ता वर पाउन असीम कठिन तपस्या गर्दा पातली भएकी थिइन र त्यसै ले उनको प्रतीक को रुपमा यो “पातिल” लाई लीइन्छ र यसलाई पातिल भनेर नामाकरण गरेको छ ।

मधुश्रावणी व्रतमा अर्को पुजिने देउता हो नाग देउता । नाग देउता को पूजा को परंपरा नीकै पुरानो भएको बुझिन्छ । इन्दस घाटी सभ्यता को मोहन्जोदारो र हरप्पा आदि वाट प्राप्त सूचना वाट यो थाहा भएको छ कि त्यस सभ्यता मा पनि केही यस्ता जात र समूहहरु थिए जो नाग देवता को पूजा गर्दथे । भारतमा मुस्लीम आक्रमण सम्म काबुल र कश्मीरको बीचमा केही यस्ता मानिसहरु थिए जो नाग देवता को पूजा गर्दथे । ग्रीक र रोमन साम्राज्यमा पनि नागलाई देउताको रुपमा मान्यता दिएको थियो ।

आजकल पनि हिन्दु समाजमा वर्षमा दुइ पटक नाग पूजा गर्ने परंपरा रहेको छ । एउटा श्रावण महिनामा मनाइने नाग पंचमी र भाद्रमा मनाइने अनंत चतुर्दशी । अनंत चतुर्दशी को दिन अनंत नाग को पूजा गरिन्छ ।

मैथिली, भोजपुरी र बंगालमा पनि महा सती बिहुला र उसको लोग्ने बाला लखीन्दर को कथा प्रचलित छ जस्को मनसा नाग देवी संग सम्बन्धित छ ।



पौराणिक कथाहरुमा पनि नाग देवताको यथेष्ठ नाग को सम्बन्धमा चर्चा गरिएको छ जसमा समुद्र मंथन, महाभारतमा दुर्योधन द्वारा भीमलाई नदीमा फाल्दा नागलोक पुगेको, गीतामा भगवान श्री कृष्ण भन्नु भएको छ “म नागमा अनंत नाग हूँ” कालिया दमन को कथा बहुप्रचलित छ, यस्ता अनेक पौराणिक कथाहरु नाग संग सम्बन्धित छन । आज पनि कतिपय मानिहरु आपूmलाई नागवंशी नै हुँ भन्छन ।

नेपालमा पनि काडमाण्डू उपत्यकामा नागपूजा को परंपरा प्राचीन रहेको पाइन्छ । काठमाण्डुको नाग पोखरी, नाग ढुँगा, बुढानीलकंठमा शेषशायी विष्णु भएको मानिएको छ, टुडी खेलको मीन नाग, पशुपतिनाथ का द्वारपाल का रुपमा वासुकी नाथ रहेकोले यसको प्रमाण हुन । भक्तपुरको पाँच टाउको कलेश्वर नाग, कुटुमबहालको जलनाग आदि विभीन्न स्थानमा स्थित नागहरु को पूजा गर्ने काठमाण्डु उपत्यका मा रहेको देखिन्छ ।

श्रावण को रंगीचंगी र हरियो प्रकृतिको मन भावक अवसरमा सुहागिनहरु मा विशेष गरी नव विवाहितहरु मा साज–श्रृंगार, उपवास, गीत, साँझ–वाती, विहान पख अथवर वेलुका पख “पटमासि” सिंदुर गरेकी नव– नवेलीहरु को झुंड फुल टिप्न गइ रहेको अति मन भावन हुन्छ । प्रायः मिथिलांचका प्रत्येक कुनामा यस्तो मन भावन दृश्य हेर्न सकिन्छ श्रावण को महिनामा । यसमा मधुश्रावणी पूजा त नव विवाहित तरुणी को लागि अनिवार्य नै हुन्छ । लोग्ने को दीर्घायु, सुख संपति र वंश अभिवृद्धि को लागि यो मधुश्रावणी व्रत गर्ने गरिएको बुझिन्छ । यसको लागि यस व्रतमा गौरी पूजन र नाग पूजन को परंपरा रहेको छ ।

मिथिलांचमा यो मान्यता छ कि यस व्रतको लागि आवश्यक फुल–पातहरु टिप्न मनाही गरिदैन ।

महिनाहरुमा उत्तम यो महिना सुहावन, चिताकर्षक भएको ले यस महिना लाई मधुमास पनि भन्ने गरिन्छ । यसैले यस महिनामा मधुश्रावणी व्रत मनाउने परंपरा छ र यस व्रत लाई यसै कारणले मधुश्रावणी भनिन्छ ।

गौरी पूजन को महत्व र नाग पूजाको महत्व वारे माथि उल्लेख गरी सकेको छु । भनीन्छ नाग पूजा गर्नेहरु सर्प लाई मारदैन । साथै नाग पूजन गर्ने हरुलाई सर्पले टोक्दैन र रक्षाको साथै धन पनि प्रदान गर्दछ । यसै कारण ले मिथिलांचलका प्रत्येक घरमा नगादेवता को पूजा गरीन्छ ।

मधुश्रावणी को व्रत श्रावण को कृष्ण पक्ष पंचमी देखि शुक्लपक्ष को तितिया सम्म चलछ ।यस व्रत मा प्रत्येक दिन स्नानादि गरेर चोखो भएर गौरी पूजन, नाग पूजन पश्चात भिन्दा–भिन्दै कथाहरु कथा वाचिका द्वारा हुन्छ र व्रत गर्नेले सुन्छिन । यी कथाहरुमा लोक विश्वास, लोक परंपरा, यस अंचलको विधि व्यवहार, चाल–चलन, खान–पान, आचार–विचार आदि संस्कृतिक दिग्दर्शन रहेको हुन्छ ।

यी कथाहरुमा मौना पंचमी, विषहराको जन्म, सती विहुला र मनसा देवी, मंगला गौरी, पृथ्वी को जन्म, समुद्र मंथन, पतिव्रता, महादेव को परिवार संग जोडिएको उमा, पार्वती, गंगा, गौरी तपस्या, काम दहन, गौरी विवाह, लीली को जन्म र विवाह, पतिव्रता सुकन्या, बाल वसंत, चनइ र वरसी संग जोडिएका अनेक धार्मिक लोक कथामा सामाजिक, पौराणिक संदर्भ सहित वाचन र श्रवण त्यहाँ उपस्थित महिलाहरु सुनी रहेकी हुन्छिन । यस्तो पर्व त्योहारमा घर छिमेक की महिलाहरु सबै उपस्थित हुन्छिन । यो सामाजिक परंपरा मिथिलांचलमा सधै रही आएको छ । पूजन प्रारंभ गर्दा व्रतालु महिला द्वारा “ऐ गौरीः महामाधे, चन्दर डारि लोढैत अएलहु सोहाग भाग बंटैत अएलहुं, फुलक माला अहाँलिय सोहाग भाग हमरा दिअ, स्वामी पुत्र सहित गौर्यै नमः” वाट पूजन प्रारंभ गरिन्छ । व्रतालु ले लाल अथवा पहेलो रंगको साडी लगाउने र हाथमा लाहको लहठी लगाउनु पर्ने आवश्यकता हुन्छ । यस मधुश्रावणी व्रतमा मुख्यरुपले पाँच सर्पहरुको पूजा गरीन्छ जसमा जाया, विसहरि, शामिल वारी, देव र दोतलि नाम गरेकी महादेव की छोरीहरु को प्रतिक बनाइ पूजा गर्ने परंपरा रहेको छ ।

मधुश्रावणीको वखत लोक गीतहरु को सिलसीला टुटदैन । यसमा गोसाउनी गीत, यस गीतमा भगवती गीत, हनुमान गीत, ब्राहमन गीत, विषहरा गीत, पर्व सम्बन्धी गीत, आँखा बंद गर्ने गीत, टेमी दिने गीत तथा कोहबर गीतहरु गाउने परंपरा रहेको छ । यी गीतहरु त्यहाँ उपस्थित महिलाहरु गाउछिन । टेमी भनेको यो विध मधुश्रावणी को अंतिम दिन को विधि हो जसमा मधुश्रावणी पूजन गर्ने महिलालाई हाथ र गोडामा बलदै दीयोले पोल्ने विधि हुन्छ तर अब त्यो विधि बढी आलोचित भैसकेकोले यो विधि गरिदैन ।

मधुश्रावणी पर्वमा बीनी को पनि महत्व हुन्छ । विनी को विभिन्न रुपमा प्रस्तुत गरिन्छ ।

# नीति र विचारका आधारमा मात्रै कम्युनिष्ट एकता हुनुपर्छः अध्यक्ष दाहाल

**काठमाडौं ।** नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' ले नीति र विचारका आधारमा कम्युनिष्ट एकता हुनुपर्ने बताएका छन् । नेपाल कम्युनिष्ट पार्टीका संस्थापक पुष्पलालको जन्मशताब्दी तथा ४७औं स्मृति दिवसका अवसरमा आयोजित कार्यक्रममा उनले दलाल पुँजीवादको पक्षपोषण नगरी त्यसविरुद्ध सङ्घर्ष गर्ने वाम शक्तिबीच एकता हुन सक्ने बताए ।

'म पनि कम्युनिष्ट एकताको पक्षपाती हो । तर, विगतबाट पाठ सिक्नुपर्छ, नीति र विचारमा एकता हुनुपर्छ', अध्यक्ष दाहालले भने, 'दलाल, पुँजीवादका विरुद्ध एक हुने सङ्कल्प गर्नु पुष्पलालप्रति सम्मान हो, कम्युनिष्ट एकता त्यहीँबाट सुरु हुन्छ ।' पुष्पलालले अघि सारेका विचारबाट निर्देशित हुने र त्यसको अनुशरण गरे मात्रै उनिप्रति सच्चा श्रद्धाञ्जली हुने बताए ।

'पुष्पलालले सही विचार, सही राजनीतिक रणनीतिसहित कार्यशैली र आचरणको आधारमा एकता भन्नभएको हो, पुष्पलाल कम्युनिष्ट नामको साइनबोर्डका आधारमा एकताको पक्षमा हुनुहुन्थेन', अध्यक्ष दाहालले भने, 'अमूर्त कुराले एकता टिक्दैन, हुँदैन । कम्युनिष्टहरूसँग एकता हुन्छ कम्युनिष्ट विरोधीसँग कसरी एकता हुन्छ ? त्यो त विगतमा देखियो नि ।' अध्यक्ष दाहालले विगतको वाम एकतालाई जनता र कम्युनिष्ट कार्यकर्ताहरूले अनुमोदन गरे पनि त्यो एकता नटिकेको उल्लेख गर्दै यसको उत्तर नखोजी एकता हासिल नहुने बताए ।

'आजको अन्तरराष्ट्रिय शक्ति सन्तुलन परिस्थिति आजको राष्ट्रिय परिस्थिति क्षेत्रीय परिस्थिति उत्पादक शक्तिको विकासको अवस्था जनताको बीचको उत्पादन सम्बन्ध र त्यसबाट मानिस मानिसबीचको सम्बन्धको अवस्थाबारे विश्लेषण नगरी एकता हुँदैन रैछ', उनले भने ।

नेपाल कम्युनिष्ट पार्टी एकीकृत समाजवादीका सम्मानित नेता झलनाथ खनालले भावनाले मात्रैले कम्युनिष्ट एकता नहुने उल्लेख गर्दै एकताका लागि सही विचार र नीति आवश्यक रहेको बताए ।'अबको लक्ष्य वैज्ञानिक समाजवाद हुनुपर्छ, वैचारिक, राजनीतिक, साङ्गठनिक पुनःगठन आवश्यक छ, बलियो कम्युनिष्ट पार्टीले मात्रै मुलुकको आर्थिक सामाजिक रुपान्तरण गर्न सक्छ', नेता खनालले भने ।

सो अवसरमा अध्यक्ष दाहाल र नेपाल कम्युनिष्ट पार्टी एकीकृत समाजवादीका सम्मानित नेता खनाललगायतले लेखक लोककृष्ण भट्टराईको पुस्तक 'निर्वासन' लोकार्पण गरेका थिए । पुस्तकमाथि टिप्पणी गर्दै एमाले नेता कैलाश ढुङ्गेलले पुष्पलालको सम्पूर्ण जीवनचक्र पुस्तकमा समेटिएको बताए ।रासस

# 'शिक्षा प्रणालीमा नवीनतम सुधार आवश्यक'

**कर्णाली ।** कर्णाली प्रदेश सरकारका मुख्यमन्त्री यामलाल कँडेलले वर्तमान शिक्षा प्रणालीमा नवीनतम सुधार आवश्यक रहेको बताएका छन ।

वीरेन्द्रनगर नगरपालिका १२ सुर्खेतस्थित श्री अमरज्योति माध्यमिक विद्यालयको प्रशासनिक एवं शैक्षिक भवन निर्माणको शनिवार शिलान्यास कार्यक्रममा मुख्यमन्त्री कँडेलले समयअनुसार शिक्षा प्रणालीमा आमूल सुधारको खाँचो रहेको बताए ।

उनले भने, 'हामी अझै पनि परम्परागत शिक्षण पद्धतिमा अडिएका छौं जहाँ विद्यार्थीले केवल किताब पढ्ने र परीक्षा पास गर्ने लक्ष्य राख्छन् । अहिलेको युग अनुसारको शिक्षाले मात्र विद्यार्थीलाई प्रतिस्पर्धी, सक्षम र उत्पादनशील बनाउन सकिन्छ ।"

मुख्यमन्त्री कँडेलले शिक्षा क्षेत्रमा भौतिक पूर्वाधारको सुधारसँगै गुणस्तरमा पनि ध्यान दिनुपर्ने सुझाउँदै व्यावहारिक, प्रविधिमैत्री र नवीन शिक्षण प्रणाली अवलम्बन गर्नुपर्नेमा जोड दिए । शिक्षालाई जीवनोपयोगी बनाउने गरी पाठ्यक्रम, शिक्षण विधि र मूल्याङ्कन प्रणाली परिमार्जन गर्नुपर्ने उनको भनाइ थियो ।

मुख्यमन्त्री कँडेलले भने, 'शिक्षामा रुपान्तरण ल्याउन नीतिगत सुधार, स्रोत व्यवस्थापन, सक्षम शिक्षक र पूर्वाधारको भूमिका महत्वपूर्ण हुन्छ । प्रदेश सरकारको तर्फबाट कर्णालीका विद्यालयमा आवश्यक पूर्वाधार निर्माण, जनशक्ति व्यवस्थापन र गुणस्तरीय शिक्षाका लागि आवश्यक बजेटको व्यवस्थामा विशेष ध्यान दिन्छौं । कर्णाली जस्तो भौगोलिक रुपमा विकट प्रदेशको शिक्षाको विकासबाट दीर्घकालीन विकास सम्भव हुन्छ ।'

श्रीमान कन्स्ट्रक्सन हेटौंडा उपमहानगरपालिका–६ मकवानपुरले विसं २०८३ पुस १५ गतेसम्म निर्माण सम्पन्न गर्ने गरी शिलान्यास गरिएको ३३ कोठे उक्त शैक्षिक भवन कर्णाली प्रदेश सरकारको पाँच करोड ८९ लाख २४ हजार आठ सय ३४ रुपैयाँ बजेट विनियोजन गरिएको जनाइएको छ ।

प्रदेश सरकार सामाजिक विकासमन्त्री घनश्याम भण्डारीले शिक्षा सामाजिक परिवर्तनको साधन हुनुपर्ने धारणा राख्दै त्यसका लागि हामी सबै एकजुट हुनुपर्नेमा जोड दिए । त्यस अवसरमा वीरेन्द्रनगर नगरपालिका प्रमुख मोहनमाया ढकाल, उपप्रमुख नीलकण्ठ खनाल, शिक्षा विकास निर्देशनालय सुर्खेतका निर्देशक दिपा हमाललगायतको सहभागिता थियो ।रासस

# तान्सेन खानेपानी व्यवस्थापनमा स्थानीय सहभागिता, प्रतिबद्धता र पारदर्शिता अत्यन्तै अनुकरणीय छः मन्त्री यादव

**तान्सेन (पाल्पा) ।** खानेपानीमन्त्री प्रदीप यादवले भौगोलिक कठिनाइ र स्रोतहरूको सीमितताका बाबजुद पनि पाल्पाको तान्सेनमा खानेपानी व्यवस्थापनमा देखिएको स्थानीयवासीको सहभागिता, प्रतिबद्धता र पारदर्शिता अत्यन्तै अनुकरणीय रहेको बताएका छन् ।

आज पाल्पाको तानसेन स्थित तानसेन खानेपानी उपभोक्ता समितिको १० औं साधारणसभालाई प्रमुख अतिथिका रुपमा सम्बोधन गर्दै मन्त्री यादवले 'पानी जीवनको आधार, स्वच्छ पानी सबैको अधिकार' भन्ने अत्यन्तै सान्दर्भिक नारालाई आत्मसात गर्दै खानेपानीको क्षेत्रमा यहाँका आम नागरिकको भूमिका अत्यन्तै महत्वपूर्ण रहेको बताएका हुन् ।




उनले भने, 'तान्सेनमा खानेपानी व्यवस्थापनमा देखिएको स्थानीय सहभागिता अत्यन्तै अनुकरणीय छ । भौगोलिक कठिनाइ र स्रोतहरूको सीमितताका बाबजुदपनि सरकार खानेपानीका समस्या समाधानका लागि पूर्ण प्रतिबद्ध छ ।'

तानसेन–कालीगण्डकी बृहत पम्पिङ खानेपानी आयोजना सफलतापूर्वक कार्यान्वयन भएकाले जनताको घरदैलोमा शुद्ध, सुरक्षित र पर्याप्त खानेपानी पु·याउँदै सरकारको 'सबै नागरिकका लागि स्वच्छ पानी' भन्ने सङ्कल्पलाई व्यवहारमा उतारेको प्रति मन्त्री यादवले खुशी व्यक्त गरे ।

खानेपानी मन्त्रालयबाट चालु आर्थिक वर्ष २०८२/८३ मा यस क्षेत्रका योजना कार्यान्वयनका लागि बजेट विनियोजन गरिएको र उक्त वजेटले यहाँका नागरिकलाई गुणस्तरीय सेवा दिने सरकारको लक्ष्यलाई अझ सार्थक बनाउने विश्वास व्यक्त गरे । स्थानीय तहको सक्रियतासँग सहकार्य गर्दै खानेपानी मन्त्रालयले हालसम्म ३१० भन्दाबढी स्थानीय तहहरूमा वास योजना तयार गरिसकेकाले खानेपानी, सरसफाइ र स्वच्छताको सेवा प्रवाहमा महत्वपूर्ण टेवा पुऱ्याएको जिकिर गरे ।

त्यसैगरी मन्त्री यादवले स्थानीय उपभोक्ता समितिहरूलाई पनि खानेपानीको दिगो व्यवस्थापनका लागि सहयोग र समन्वय गर्न आग्रह गरे । उनले पानीका मुहान संरक्षण, पाइपलाइन विस्तार, र स्रोतहरूको समुचित उपयोगमा स्थानीय सहभागिताको आवश्यकता औँल्याए ।

मन्त्री यादवले तानसेन नेपालको इतिहास र सभ्यताको एक जीवन्त स्मारक भएको र श्रीनगर डाँडाको काखमा अवस्थित यो सहर, सांस्कृतिक गौरव, शैक्षिक प्रगति एवं प्राकृतिक सौन्दर्यको सङ्गम नगर भएको बताए । 'स्वच्छ वातावरण, मौलिक पहिचान र सामाजिक सद्भावका कारण तानसेन आज पनि प्रेरणादायी शहरको रुपमा स्थापित छ । तानसेन खानेपानी उपभोक्ता समितिले यस क्षेत्रका बासिन्दालाई स्वच्छ खानेपानी उपलब्ध गराउन पु·याएको योगदान साँच्चिकै सराहनीय छ,' मन्त्री यादवले भने ।रासस

# काठमाडौंमा कवाड व्यवसायीमाथि ज्यादती भएको भन्दै गृहमन्त्रीलाई ज्ञापन पत्र

**काठमाडौं ।** नेपालमा लामो समयदेखि प्रचलित कवाड व्यवसायसँग संलग्न व्यवसायीहरूले काठमाडौं महानगरपालिकाको ज्यादतीका विरुद्ध आवाज उठाएका छन् । कवाड व्यवसायी समाज नेपालले आज गृहमन्त्री रमेश लेखकसमक्ष ज्ञापन पत्र बुझाउँदै व्यवसायीको सुरक्षाका लागि तत्काल हस्तक्षेपको माग गरेको छ ।

ज्ञापन पत्रमा उल्लेख भएअनुसार, कवाड व्यवसायीहरू सरकारले तोकेको कर तथा कानुनी दायरामा रही व्यवसाय गर्दै आएका छन् । उनीहरूले स्टील, प्लाष्टिक, कागज, मदिराजन्य, ब्याट्री तथा मेटल उद्योगलाई आवश्यक कच्चा पदार्थ आपूर्ति गर्दै आएको र यसले देशको व्यापार घाटा कम गर्न मद्दत पुऱ्याएको जनाएका छन् ।

संघका अध्यक्ष राम केवल गुप्ताका अनुसार, अहिले देशभर एक लाखभन्दा बढी मानिस प्रत्यक्षरुपमा यस व्यवसायमा संलग्न छन् । वातावरणीय सरसफाईमा समेत यसको उल्लेख्य योगदान रहेको उनले बताए । तर, व्यवसायीहरूको गुनासो अनुसार, विगत दुई वर्षदेखि काठमाडौं महानगरपालिकाले प्रहरी परिचालन गरी 'गुण्डागर्दी शैली'मा कवाड व्यवसायी, संकलक मजदुरमाथि कुटपिट, अपहरण तथा संरचनाहरू भत्काउनेजस्ता कार्य गर्दै आएको छ । केही घटनामा मजदुरको टाउको फुट्ने र अङ्गभङ्गसमेत भएको जनाइएको छ ।

व्यवसायीहरूले मेयर बालेन्द्र शाहमाथि पनि गम्भीर आरोप लगाएका छन् । ज्ञापनमा भनिएको छ, 'मेयर शाहले काठमाडौंबाट गरिब र श्रमिक वर्गलाई हटाउने नीति लिएका छन्,' र यो नीति प्रतिगामी भएको उनीहरूको भनाइ छ ।

कवाड व्यवसायी समाज नेपालले सरकारसँग व्यवसायीको ज्यान–मालको सुरक्षा सुनिश्चित गर्न, कुटपिट र संरचना भत्काउने कार्य तत्काल रोकिन, तथा श्रमिकहरूमाथि भइरहेको ज्यादतीको छानबिन गर्न आग्रह गरेको छ ।रासस

# बिरामीलाई रेफर गर्न नपर्ने गरी अस्पतालबाटै सेवा दिन मुख्यमन्त्री आचार्यको आग्रह

**वर्दघाट सुस्ता पश्चिम ।** लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले सकेसम्म रेफर गर्न नपर्ने गरी अस्पतालबाटै सेवा दिन आग्रह गरेका छन । पश्चिम नवलपरासीको सदरमुकामस्थित पृथ्वीचन्द्र अस्पतालको ५० शय्याको नवनिर्मित भवन उद्घाटन गर्दै उनले नागरिकलाई सहज र सर्वसुलभ सेवाका लागि जटिल तथा हुनै नसक्ने उपचारबाहेक सबै सेवा अस्पतालबाटै प्रवाह गर्न आग्रह गरे ।

उनले भने, 'यहाँका सेवाग्राहीको आर्थिक अवस्था कमजोर छ । जो बाहिर गएर उपचार गराउन आर्थिक रुपमा असमर्थ हुनुहुन्छ । त्यो कुरालाई प्रदेश सरकारले राम्रैसँग मनन गर्दै अस्पताललाई सेवा प्रवाहमा आत्मनिर्भर बनाउनका निम्ति हरेक क्षेत्रका विशेषज्ञ सेवाहरु सञ्चालनमा ल्याउन प्रदेश सरकारको स्वास्थ्य मन्त्रालयले धेरै पहलकदमी लिएको छ ।' जिल्ला अस्पतालका रुपमा रहेको पृथ्वी चन्द्र अस्पताललाई विकास तथा सेवा प्रदान गर्नका लागि प्रदेश सरकारबाट कुनै पनि कमी नहुने उनको भनाइ थियो ।रासस

# बन्दीपुरको विकासमा सरकार प्रतिबद्ध छः मन्त्री न्यौपाने

**तनहुँ ।** सङ्घीय मामिला तथा सामान्य प्रशासनमन्त्री भगवती न्यौपानेले बन्दीपुरको विकासमा सरकार प्रतिबद्ध रहेको बताएका छन ।

तनहुँको बन्दीपुर गाउँपालिका–६ धरमपानीमा आज आयोजित कार्यक्रमा भेटघाटलाई सम्बोधन गर्दै बन्दीपुर नेपालकै चर्चित पर्यटकीयस्थल भएकाले यस ठाउँको विकासका लागि केन्द्र सरकारले विशेष ध्यान दिने उल्लेख गरे ।

धरमपानीमा जनताको साथमा सङ्ठन बनाउँदा धरमपानीले आफूलाई ठूलो गुण लगाएको स्मरण गर्दै न्यौपानेले यस क्षेत्रलाई प्राथमिकतामा राख्ने बताए । मन्त्री नहुँदा धरमपानी आसपासको विकासका लागि २५ करोड रुपैयाँ भन्दा बढी बजेट विनियोजन भइसकेको उल्लेख गर्दै उनले बन्दीपुर धरमपानी सडकलाई गतवर्ष चार करोड रुपैयाँ र यसवर्ष त्यसभन्दा धेरै बजेट विनियोजन हुने बताए ।

बन्दीपुर धरमपानी साराङघाटलाई कालोपत्र गरी बन्दीपुरको विकासमा टेवा पुग्ने काम गर्ने मन्त्री न्यौपानेको भनाइ थियो । कार्यक्रममा बन्दीपुर गाउँपालिकाका अध्यक्ष सुरेन्द्र थापा, उपाध्यक्ष पद्ममाया गुरुङ, वडाध्यक्ष बलहादुर गुरुङ सहभागी थिए । रासस

# विप्लव नेकपाको गुल्मी–काठमाडौं सम्पर्क मञ्च माओवादी केन्द्रमा समाहित



**काठमाडौं ।** विप्लव नेकपाको गुल्मी–काठमाडौं सम्पर्क मञ्च माओवादी केन्द्रमा समाहित भएको छ । नेकपा (विप्लव) निकट संगठन नेकपा माओवादी केन्द्रको गुल्मी काठमाडौं सम्पर्क मञ्चको पाँचौं अधिवेशनको अवसरमा माओवादी केन्द्रमा समाहित भएको हो ।

उनीहरुलाई नेकपा (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले माओवादी केन्द्रमा स्वागत गरे । नेकपा (विप्लव) को सम्पर्क समिति सहित अन्य राजनीतिक दल परित्याग गरेर नेताकार्यकर्ता माओवादी केन्द्रमा प्रवेश गरेका छन् ।

माओवादी केन्द्रमा समाहित हुने नेताकार्यकर्ताहरुमा वासुदेव पौडेल, अनिषा पन्थी, जीवन भण्डारी, चिराग पौडेल, केशव राज न्यौरे, कुशल ढकाल, सुरज पाण्डे, अर्जुन क्षेत्री, रामकृष्ण ढकाल, युवराज अर्याल, देवी प्रसाद न्यौपाने, सागर भण्डारी, सन्देश न्यौपाने, सुवास सापकोटा लगायत रहेका छन् ।रासस

# ८० प्रतिशत युवाहरुले बिना जागिर महिनाको २ लाख कमाउँछन्ः शिक्षामन्त्री



**काठमाडौं ।** शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री रघुजी पन्तले काठमाडौंमा बस्ने ८० प्रतिशत युवाहरुले बिना जागिर घरबाटै महिनाको २ लाख भन्दा धेरै कमाउने गरेको दाबी गरेकाछन् ।

शनिबार काठमाडौंका आयोजित नेपाल कम्युनिष्ट पार्टी (एमाले) काठमाडौं महानगरपालिका १५ वडा कमिटीद्वारा एसईई सम्मान बधाई तथा शुभकामना दिँदै अहिलेका युवाहरुले घरमै बसेर विदेशका विभिन्न कम्पनिबाट काम लिई ल्याप्टपबाट काम पठाउँदा नेपालमा बार्षिक १ खर्ब रुपैयाँ आम्दानी भएको बताए ।

उनले यस्ता कामलाई अझै बढी जोड दिए वार्षिक ८ लाख भन्दा बढी कमाउने बताएका छन् । हिजोको दिनमा जस्तो डाक्टर इन्जिनियर नै बन्नुपर्छ भन्ने नभई नयाँ नयाँ रोजगारीको क्षेत्र आएको छ त्यसैलाई सदुपयोग गर्न सक्यो भने पैसा कमाउन सकिने उनले बताए । उनले आमा बुबाले पनि छोरा छोरीको रुचि के छ भन्नु भन्दा पनि मार्गनिर्देशन दिएर अगाडी बढ्न दिनुपर्ने बताए ।

'अहिले काठमाडौंमा ८० प्रतिशत युवाहरु जसले जागिर खाँदैनन् तरपनि उनिहरुले घर बसि बसि २ लाख भन्दा धेरै कमाउने गरेकाछन् । त्यस्को कारण भनेको विदेशका विभिन्न कम्पनिबाट काम लिएर ल्याप्टपबाट काम गरि पठाउने गरेका छन् । यस्तो जागिरबाट नेपालमा बार्षिक १ खर्ब रुपैयाँ आइरहेको छ । यसलाई विकास गर्न सक्यो भने ८ खर्ब सम्म ल्याउन सक्छौँ ।'

त्यसैले तपाँईहामी ले सोचेको भन्दा नयाँ खालको काम गर्नपर्छ । हामी हिजोको जस्तो दिनमा छैन्म डाक्टर इन्जिनियर नै बन्न पर्छ भन्ने छैन नयाँ नयाँ रोजगारिको क्षेत्र आएको छ त्यसलाई सदुपयोग गर्न पर्छ, अनि पैसा कमाउन सकिन्छ । आमा बुबाले पनि छोरा छोरीको रुचि के छ त्यहि बन्न दिने हो मार्गनिर्देशन दिने हो यही बन्न पर्छ भनेर दबाब दिने होइन ।' उनले भने ।रासस

# साढे दुई लाखभन्दा बढी पर्यटकले गरे पार्क अवलोकन

**कैलाली ।**
गत आर्थिक वर्षमा कैलालीको टीकापुर पार्कमा साढे दुई लाखभन्दा बढी पर्यटकले अवलोकन गरेका छन् ।
आर्थिक वर्ष २०८१÷८२ मा दुई लाख ५३ हजार चार सय ६८ जना आन्तरिक पर्यटकले टीकापुर पार्कको अवलोकन गरेका हुन् । टीकापुर नगरपालिकाको मातहतमा रहेको टीकापुर पार्कबाट नगरपालिकाले गत आवमा ९३ लाख ४४ हजार चार सय १० रुपैयाँ राजस्व सङ्कलन भएको छ । आव २०८०/८१ मा नगरपालिकाले पार्कबाट ६३ लाख ९७ हजार एक सय ७५ रुपैयाँ राजस्व सङ्कलन गरेको थियो ।

टीकापुर नगरपालिकाका राजस्व शाखा प्रमुख नन्द केसीले दिएको जानकारीअनुसार गतवर्ष दुई लाख १८ हजार दुई सय ८ जना स्वदेशी पर्यटकले पार्कको अवलोकन गरेका थिए । जसबाट ६५ लाख ४६ हजार दुई सय ४० रुपैयाँ राजस्व सङ्कलन भएको छ भने ३५ हजार दुई सय ६० जना विद्यार्थी तथा जेष्ठ नागरिकहरुले पार्क अवलोकन गरेका छन् । उनीहरुबाट नगरपालिकाले पाँच लाख ५८ हजार नौ सय राजस्व सङ्कलन भएको देखिन्छ ।
त्यतिमात्र नभई पार्क अवलोकनमा आउने पर्यटकहरुको सवारीसाधन पार्किङबाट मात्रै आठ लाख ३७ हजार एक सय रुपैयाँ राजस्व उठेको नगरपालिकाका राजस्व शाखा प्रमुख केसी बताउछन । त्यसैगरी पिकनिक स्पट, फोटोग्राफी, क्यामरालगायत विविधबाट १४ लाख ३२ हजार एक सय ७० रुपैयाँ सङ्कलन भएको छ ।
पार्कमा रहेको वीरेन्द्र विश्राम घर पर्यटकका लागि खुला गरिएपछि पछिल्लो समय पर्यटकहरुको आवागमन बढ्दै गएको हो । पार्कमा पछिल्लो समय दैनिक करिब पाँच सय पर्यटन अवलोकनका लागि आउने गरेका छन् ।
पार्कमा व्यावसायिक फोटोग्राफी सञ्चालन भएपछि पनि पर्यटकको संख्या बढेको देखिन्छ । अहिले पार्कभित्र करिब ३५ जना युवाहरू व्यावसायिक फोटोग्राफीको काम गर्दै आएका छन । टीकापुर नगरपालिका–३ का नैनबहादुर चौधरी कुखुरापालन व्यवसाय छोडेर दुई वर्षदेखि फोटोग्राफरको काम गर्दै आएका छन । कुखुरापालनबाट भन्दा राम्रो आम्दानी फोटोग्राफीबाट हुने भएपछि यतातिर लागेको उनको भनाइ छ ।
‘सुरुवातका दिनमा धेरै राम्रो आम्दानी थियो, दिनमै चार/पाँच हजार रुपैयाँसम्म कमाउन सकिन्थ्यो’, उनि भन्छन, ‘आम्दानी राम्रो देखेपछि कुखुरापालन व्यवसाय छोडेर यता लागेको हुँ, तर अहिले धेरैजना यसैमा जोडिएका कारण त्यस्तो आम्दानी छैन ।’
पार्कभित्र फोटोग्राफीको काम गर्ने अधिकांश युवाहरू अध्ययनसँगसँगै फोटोग्राफरको काम गर्दै आएका छन । टीकापुर स्थिति खड्ग स्मृति माध्यमिक विद्यालयबाट कक्षा १२ को परीक्षा दिएका सुनिल चौधरी अहिले पार्कमा फोटोग्राफीको काम गर्दै आएका छन । उनले फुर्सदको समयलाई सदुपयोग गर्दै दैनिक दुईदेखि तीन हजार रुपैयाँ आम्दानी गर्दै आएको बताए । ‘सबै दिन एउटै किसिमको हुँदैन । कुनै दिन बढी हुन्छ त कुनै दिन हुँदैन’, उनि भन्छन, ‘आफ्नो अध्ययनको खर्च अनि कोठाको खर्च व्यवस्थापनमा कुनै समस्या छैन ।’
नगरपालिकाले चालू आर्थिक वर्षबाट पार्कको प्रवेश शुल्क वृद्धि गरेको छ । यसभन्दा पहिलेप्रति व्यक्ति ३० रुपैयाँ लाग्दै आएको शुल्क बढाएर ५० पु¥याइएको छ । त्यसैगरी विद्यार्थी, अपाङ्गता भएका व्यक्ति र ज्येष्ठ नागरिकहरूले यसभन्दा पहिले प्रतिव्यक्ति १५ रुपैयाँ तिर्दै आएकोमा अब ३० रुपैयाँ तिर्नुपर्ने हुन्छ । नगरपालिकाको आर्थिक ऐन २०८२ अनुसार उक्त दर हेरफेर गरिएको नगरप्रमुख रामलाल डगौरा थारुले बताए । त्यसैगरी प्रतिदिन एक सय रुपैयाँ मा व्यावसायिक फोटोग्राफीको काम गर्दै आएका व्यवसायीको शुक्ल वृद्धि गरेको छ । अहिले प्रतिदिन फोटोग्राफरले पार्कभित्र फोटो खिचेको दुई सय शुल्क तिर्नुपर्ने भएको छ ।
‘आवश्यकता र औचित्यका आधारमा धेरैपछि पार्कको प्रवेश शुल्क लगायतका करका दरमा हेरफेर गरिएको छ’, नगरप्रमुख थारुले भने, ‘यसलाई कार्यान्वयन गर्दै पार्कलाई थप व्यवस्थित र रमणीय बनाउँदै लगिने छ ।’ रासस

# बाँझो जग्गामा व्यवसायिक फूलखेती गर्दै विदुर नगरपालिका

**नुवाकोट ।**
विदुर नगरपालिकाको आफ्नो बाँझो रहेको छ रोपनी जग्गामा व्यावसायिक फूलखेती सुरू गरेको छ । विदुर–९ स्थित वडा कार्यालय परिसरमा रहेको खाली जग्गामा नगरपालिकाले सयपत्री र मखमली जातका नौ हजार बिरुवा रोप्न सुरू गरेको नगरप्रमुख राजन श्रेष्ठले जानकारी दिए । उनको अनुसार अहिले रोप्न थालेको बिरुवाको उत्पादन आगामी तिहार पर्वका लागि तयार हुनेछ ।
‘नगरपालिकाले बाँझो जग्गाको सदुपयोग, फूल बिक्रीबाट आम्दानीको स्रोत वृद्धि र स्थानीय नगरवासीलाई व्यावसायिक फूलखेतीप्रति आकर्षण बढाउन वार्षिक स्वीकृत कार्यक्रमअन्तर्गत पुष्पखेतीको प्रवद्र्धन गर्न लागिएको छ’, उनले भने, ‘गत वर्ष परीक्षणको रुपमा गरेको खेतीले सफलता पाएसँगै यो वर्ष बाह्रै महिना फूल उत्पादन गर्ने लक्ष्यका साथ कार्यक्रम सञ्चालनमा ल्याइएको छ ।’
फूलखेतीका लागि आधुनिक यान्त्रिकीकरणको सहायताले ड्याङ (ठाउँ) तयार पारिएको छ । छ रोपनी जग्गामा ‘मल्चिङ’ प्रविधिमा आधारित सयपत्री र मखमली जातका नौ हजारभन्दा बढी फूलका बिरुवा रोप्न सुरू गरिएको कृषि शाखाका अधिकृत सविना बोगटीले जानकारी दिए । बिरुवा अन्यत्रबाट खरिद गरेर ल्याइएको छ । रोप्नका लागि नगरपालिकाको जनप्रतिनिधि र कर्मचारी खटिएका छन् ।
यान्त्रिकीकरणको प्रयोगले कम लागतमा रोप्ने ठाउँ तयार गरिएको छ भने मल्चिङ प्रविधिमा खेती गर्दा आम्दानी धेरै लिन सकिने उनको भनाइ छ । नगरपालिकाले गत वर्ष वडा नं ५ र वडा नं ९ मा परीक्षणका रुपमा लगाएको फूलखेतीमा सफलता पाएसँगै यो वर्ष बाँझो एवं प्रयोगविहीन अवस्थामा रहेका आफ्नो जग्गामा खेती गरेर आम्दानीको स्रोत बढाउन र स्थानीय किसानलाई प्रोत्साहन जगाउन सहयोग पुग्ने लक्ष्य लिएको छ । सोही अभियानअन्तर्गत वडा नं ५ को कार्यालय पनि फूलबाट लाभ लिन व्यावसायिक खेती सुरू गरेको वडाध्यक्ष लिलानाथ न्यौपानेले जानकारी दिए । उनको अनुसार वडा नं ५ ले कार्यालय परिसरमा रहेका बाँझो एवं खाली जग्गामा यो वर्षदेखि व्यावसायिक फूलखेती सुरू गरेको हो ।रासस

# चार किलोमिटर पदमार्ग निर्माण

**म्याग्दी ।**
पर्यटन तथा उद्योग कार्यालय म्याग्दीमार्फत आर्थिक वर्ष २०८१÷८२ मा सञ्चालन भएका योजनामार्फत चार दशमलव ३१ किलोमिटर पदमार्ग निर्माण भएको छ ।
गत वर्ष कार्यालयले सञ्चालन गरेका पर्यटन पूर्वाधार निर्माणसम्बन्धी १० वटा योजनाका लागि एक करोड २० लाख रुपैयाँ विनियोजन भएकोमा ९६ लाख २९ हजार ८७६ रुपैयाँ खर्च भएको छ ।
योजनामार्फत पर्यटकीयस्थलमा पक्की र कच्ची पदमार्ग, विश्रामस्थल, आश्रयस्थल, पर्खालगायतका पूर्वाधार निर्माण भएको कार्यालयका प्रमुख अमृत कँडेलले जानकारी दिए ।
‘सबै योजना उपभोक्ता समितिमार्फत कार्यान्वयन भएका हुन’, उनले भने, ‘प्रतिकूल भूगोल, मौसम र उपभोक्ताको ढिलासुस्तीका कारण पूरा काम नभएका योजनाको प्राविधिक नापजाँचका क्रममा भएको मूल्याङ्कनअनुसार भुक्तानी गरेका छौँ ।’ पर्यटकीय पूर्वाधार बनेपछि पर्यटक, स्थानीयवासी र पर्यटक मजदुरलाई आवतजावतमा सहज भएको छ ।
धौलागिरि गाउँपालिका–५ को मल्कवाङ डाँडाकटेरी रिरावर हुँदै ग्यासखार जोड्ने एक हजार ४६० मिटर पदमार्ग र सिँढी निर्माण भएको छ । रघुगङ्गा गाउँपालिका–७ स्थित कालीबराह मन्दिर हुँदै धौलागिरि आइसफल जोड्ने ८५० मिटर ढुङ्गाको सिँढीको पदमार्ग निर्माण भएको छ ।
रघुगङ्गा गाउँपालिका–२ भगवतीको माँझखर्कदेखि ओखरबोट हुँदै साझपानी जोड्ने ४१० मिटर, दग्नामको नागीदेवी मन्दिर जोड्ने २९० मिटर, बिम तल्लोगाउँमा २९० मिटर, अन्नपूर्ण गाउँपालिका–५ खोप्रालेकमा ५५० मिटर र बेनपा–६ को थाकनपोखरी भेटनरी कार्यालय हुँदै एकपाटे मन्दिर जोड्ने ३५० सिँढी र ढलान गरेको पदमार्ग निर्माण भएको छ ।
रघुगङ्गा गाउँपालिका–३ मा रहेको गायत्री मन्दिरमा पर्खाल निर्माण र रङरोगन, बेनी नगरपालिका–७ को बराहपाखोमा उद्यान र बेनी नगरपालिका–२ ज्यामरुककोटमा ध्यानआश्रम निर्माण भएको कार्यालयका इञ्जिनियर सुमन बोगटीले बताए ।
नयाँ पर्यटकीय गन्तव्यको रूप्मा विकास भएको खोप्रा लेकमा पदमार्गको साथै आश्रयस्थल, पदमार्गमा रेलिङ, खानेपानीको पाइप व्यवस्थापन भएको छ । नागीदेवी मन्दिरमा दुई वटा चौतारी र १०० मिटर तारजालीले घेराबार गरिएको छ । बिम तल्लोगाउँमा ढल व्यवस्थापनका लागि पक्की नाला र त्यसमाथि पदमार्ग बनाइएको छ । बराहपाखोको शान्तिपार्कमा पर्खाल, रेलिङ, ढुङ्गा छपाउन जमिनमा ढलान र फलामको बेञ्च राखिएको छ ।रासस

# मोटरसाइकलमा डोको जोडेर तरकारी बेच्ने ‘धनराज’

**दाङ ।**
मोटरसाइकलको पछाडि जोडिएका दुई वटा डोको । त्यही मोटरसाइकल र डोकोबाट चलेको छ, दाङ तुलसीपुर उपमहानगरपालिका–४ माथिल्लो हलवारी निवासी धनराज बुढाथोकीको दैनिकी । उनले मोटरसाइकलमा जोडिएका डोकोमा तरकारी बोक्छन । गाउँ–गाउँ अनि बजारमा लिएर बेच्छन । आफैँले उत्पादन गरेको तरकारी विगत १० वर्षदेखि यसरी नै बजारमा बिक्री गर्दै आएको उनले बताए । ‘मैले १० वर्ष भयो तरकारीखेती गरेको’, उने भने, ‘यही तरकारी मोटरसाइकलको पडाडि जोडिएको डोकोमा लगेर बजार बिक्री गर्दै आएको छु, यसले नै घरखर्च धानेको छ ।’
हरेक दिन बिहान ५ बजे उठेर उनले काँक्रा र बोडी गाउँगाउँमा लिएर बेच्ने गर्छन । उनि तरकारी बिक्री गर्न खाद्रे, बनहरी, तल्लो ग्वारखोला, मथिल्लो ग्वारखोला, कपडादेवी, मोतिपुर, राजापुरसम्म पुग्नुहुन्छ । अहिले उनको दैनिकी यसरी नै बितिरहेको छ ।
अहिले दैनिक पाँच क्वीन्टल तरकारी र काक्रा बिक्री गर्ने गरेको उनको भनाइ छ । ‘विगतका वर्षमा दैनिक सात/आठ क्वीन्टलसम्म बिक्री गर्थे’, उनले भने, ‘यसबर्ष त्यति बजार पाएको छैन, त्यही पाँच क्वीन्टलसम्म बिक्री गर्ने गरेको छु ।’
उनले बोडीलाई ५० रुपैयाँ किलोमा बिक्री गर्दै आएका छन, भने काँक्रा एक सय रुपैयाँमा साढे दुई केजी बिक्री गर्दै आएका छन । बोडी र काँक्राको सिजन असारदेखि साउनको अन्तिमसम्म रहन्छ । जसमा बोडी एक सिजनमा दुई लाख रुपैयाँ सम्मको कारोवार हुन्छ भने काँक्रा पाँच लाख रुपैयाँ सम्म कारोबार हुन्छ । यसमा खर्च कटाएर चारदेखि पाँच लाख रुपैयाँ सम्म एक सिजनमा आम्दानी हुने गरेको उनले बताए ।
अब बोडी र काक्राको सिजन सकिनै थालेको भन्दै टमाटरखेती गर्ने तयारी गरेको उनले बताए । वैशाखमा रोपिएका काँक्राले असार र साउनमा आम्दानी दिने र साउनमा रोपिएको टमाटरले कात्तिकदेखि चैतसम्म आम्दानी दिने बताए । यसरी वर्षमा दुई सिजनमा तरकारी खेती गरेर आम्दानी लिने गरेको उनले बताए ।रासस

# थाइल्याण्ड–कम्बोडियालाई भिडन्तमा शिव मन्दिर बिबादको १०० बर्षिय संघर्ष, अहिलेसम्म गयो ६२ को ज्यान

**बैंकक ।**
थाइल्याण्ड र कम्बोडियाबीचको सीमामा फेरि तनाव बढेको छ । थाइल्याण्डले कम्बोडियामा रहेको सैन्य अखडामा हवाई हमला सुरु गरेको छ । यसअघि बिहीबार बिहान दुवै देशका सैनिकले सीमा क्षेत्रमा एक अर्का माथि गोली प्रहार गरेका थिए ।
कम्बोडियाको विदेश मन्त्रालयले थाई सैनिकले पहिले गोली चलाएको आरोप लगाएको छ जबकि थाइल्याण्डको सेनाले भने कि कम्बोडियाले सेना पठाउनु अघि ड्रोन तैनाथ गरेको थियो, त्यसपछि उसले तोप र लामो दूरीको बिएम २१ रकेटले फायर गरेको थियो ।
दुई देशबीचको यो द्वन्द्वको कारण पनि पुरानो हो । ११०० वर्ष पुरानो शिव मन्दिर ‘प्रेह विहेर’ भनेर चिनिन्छ । यो मन्दिर ९ औं शताब्दीमा खमेर सम्राट सूर्य वर्मनले भगवान शिवको लागि बनाएका थिए । तर, समयसँगै यो मन्दिर आस्थाको केन्द्र मात्र नभएर राष्ट्रवाद, राजनीति र सैन्य शक्तिको अखाडा पनि बन्न पुगेको छ ।
२ जुलाई २०२५ मा थाइल्याण्डका प्रधानमन्त्री पैतोंगटार्न सिनावात्रालाई अदालतले निलम्बन गरेको थियो । कारण थियो एक फोन कल, जसमा उनले कम्बोडियाका एक वरिष्ठ नेतालाई काका भनेर बोलाउँदै थिए । त्यो पनि त्यतिबेला जब



सीमामा अवस्था निकै तनावपूर्ण थियो । यो वार्तालाप बाहिरिए पछि जनताले यसलाई राष्ट्रिय स्वाभिमान विपरित ठान्न पुगे । र, केही समयमै यो आह्वान राजनीतिक आँधीमा परिणत भयो र प्रधानमन्त्रीले आफ्नो कुर्सी गुमाउनु प¥यो ।
कम्बोडियाले यो मन्दिर आफ्नो क्षेत्रभित्र रहेको दाबी गरेको छ भने थाइल्याण्डले मन्दिरको केही भाग आफ्नो सुरिन प्रान्तमा पर्ने बताउँछ । वास्तवमा, यो मन्दिर डांग्रेक पहाडमा एक रणनीतिक पासमा अवस्थित छ, जहाँ एक पटक ऐतिहासिक खमेर राजमार्ग गुज्रिएको थियो, जसले आजको अंगकोर (कम्बोडिया) लाई फिमाई (थाइल्याण्ड) लाई जोडेको छ । यो विवाद विगत दशकहरूमा रोकिएन, बरु समयसँगै चर्कियो । र, अहिले यो विवादले देशको राजनीतिलाई समेत हल्लाएको छ ।
यो विवाद २० औं शताब्दीको सुरुबाट सुरु भएको मानिन्छ । सन् १९०४ मा प्राकृतिक जलविभाजनका आधारमा सीमा निर्माण गर्ने निर्णय भएको थियो । तर फ्रान्सेली उपनिवेशवादीहरूले सन् १९०७ मा तयार गरेको नक्सामा उक्त मन्दिर कम्बोडियामा देखाइएको थियो । थाइल्याण्डले त्यसपछि यसलाई स्वीकार गरेको पनि थियो तर १९३० मा विरोध गर्यो, जुन धेरै ढिलो भयो रअन्तर्राष्ट्रिय न्यायालयले यो विरोध अस्वीकारसमेत गरिदियो ।
सन् १९६२ मा अन्तर्राष्ट्रिय अदालतले कम्बोडियालाई मन्दिरको अधिकार दिएको थियो । यद्यपि थाइल्यान्डले यो निर्णयलाई पूर्ण रूपमा स्वीकार गरेन र अझै पनि मन्दिरको छेउछाउको क्षेत्रमा आफ्नो दाबी कायम राखेको छ । २००८ मा जब कम्बोडियाले मन्दिरलाई युनेस्को विश्व सम्पदा स्थलमा समावेश गरायो, त्यस यता दुई देशबीचको तनाव झनै बढेको छ ।
२००८–२०११ को बीचमा मन्दिर क्षेत्रको लागी धेरै झगडा भएको थियो । २०११ मा त्यहाँ एक हप्ता सम्म चलेको भारी गोलाबारी भएको थियो, जसमा दुबै देशका सैनिक र नागरिक सहित कुल ४२ जनाको मृत्यु भएको थियो । जसमा कम्बोडियाका १९ सैनिक र ३ नागरिक तथा थाइल्याण्डका १६ सैनिक र ४ नागरिक रहेका छन् ।
मे २०२५ मा स्थिति एक पटक फेरि बिग्रियो । थाइल्याण्डले दाबी ग¥यो कि कम्बोडियन ड्रोन निगरानी गतिविधि आफ्नो क्षेत्रमा देखाइएको थियो भड्काउने कार्य थियो । यसपछि दुई देशबीच रकेट फायर र हवाई हमलाको खबर बाहिर आएको थियो । थाइल्याण्डले पनि एफ १६ लडाकु विमानहरू प्रयोग गरेको थियो ।
उही समयमा, कम्बोडियाले आरोप लगायो कि थाई सेनाले बिना उत्तेजना आक्रमण गर्ने काम र तिनीहरूको सेनाले आत्मरक्षामा मात्र कार्य गरेको हो । मन्दिर वरपर दुवै देशका सैनिकको उपस्थिति कुनै नौलो कुरा होइन । पछिल्ला केही वर्षमा दुई देशबीच तीर्थयात्रीका लागि संयुक्त सम्झौता पनि भएको थियो । तर, मन्दिरको सन्दर्भमा सैन्य शक्तिको प्रदर्शनले दुवै पक्षमा राष्ट्रवादी भावनालाई जन्म दिएको छ ।
फेब्रुअरी २०२५ मा कम्बोडियन सैनिकहरूले मन्दिर क्षेत्रमा प्रवेश गरे र राष्ट्रिय गान गाए र थाई सेनालाई खुला चुनौती दिए । तर, अप्रिलमा दुई देशबीच स्थानीय तहमा सम्झौता भएको थियो । तर, अहिले स्थित पुनः भडकिएक
गत बिहीबार कम्बोडियाली सैनिकको गोली लागेर थाइल्याण्डका १४ जनाको मृत्यु भएको थियो । जसमा १ सैनिक र १३ सर्वसाधारण रहेका छन् जबकि १० भन्दा बढी घाइते भएका छन् । अहिले पनि स्थिति तनाव ग्रस्त रहेको छ ।एजेन्सी

# गत बर्ष मात्रै २ लाख ६ हजार बढी भारतीयले त्यागे नागरिकता

**नयाँदिल्ली, ।**
भारतको राज्य सभामा कति जनाले भारतीय नागरिकता त्यागेका छन् भन्ने तथ्याङ्क परराष्ट्र मन्त्रालयसँग मागिएको थियो । यसको जवाफमा विदेश मन्त्रालयले गत बिहीबार लिखित रूपमा जानकारी दिएको छ कि गत २०२४ मा मात्रै २ लाख भन्दा बढी भारतीयहरूले आफ्नो नागरिकता त्यागेका छन् । यो संख्या गत वर्षको जस्तै भए पनि अघिल्लो वर्षको तुलनामा केही कम हो । राज्यमन्त्री कीर्तिवर्धन सिंहले भारतीय नागरिकता त्याग्ने सम्बन्धमा सोधिएको प्रश्नको जवाफमा राज्यसभामा सबैका अगाडि यो तथ्याङ्क प्रस्तुत गरेका हुन् ।
भारतबाट धेरै मानिसहरू संसारभर बस्छन् तर, कतिपयले आफ्नो सम्पूर्ण जीवन विदेशमा बिताए पनि त्यहाँको नागरिकता लिँदैनन् । अर्कोतर्फ, भारतीय नागरिकता त्यागेर विदेशमा बसोबास गर्नेहरू पनि धेरै छन् । यी व्यक्तिहरूको तथ्याङ्क राज्यसभामा मागिएको थियो ।
विदेश मन्त्रालयलाई भारतीय




नागरिकता त्याग्ने भारतीयको संख्या बढ्दै गएको थाहा छ कि छैन भनेर सोधिएको थियो । सन २०२४ मा २ लाख ६ हजार ३७८ भारतीयहरूले नागरिकता त्यागेका छन्, जुन २०२३ र २०२२ मा रेकर्ड गरिएको तथ्यांकभन्दा केही मात्रै कम हो ।
सरकारले भारतीय नागरिकता त्याग्ने अनुरोध स्वीकार गर्नुअघि गहिरो छानबिन गर्छ कि गर्दैन भनेर पनि सोधिएको थियो । यस प्रश्नको जवाफमा उनले भारतीय नागरिकता त्याग्ने प्रक्रिया के हो भनेर पनि जानकारी दिएका छन् ।
नागरिकता त्याग्नका लागि पहिला आवेदन दिनुपर्छ । यसपछि उनीहरूको राहदानी र अन्य कागजातहरू प्रमाणीकरण गरिन्छ, त्यसपछि कागजातहरू उनीहरूको जवाफको लागि सम्बन्धित सरकारी विभागहरूमा पठाइनेछ, जुन ३० दिन भित्र बुझाउनु पर्नेछ । कागजातहरूको प्रमाणीकरण पछि परित्याग प्रमाणपत्र ३० दिन पछि अनलाइन उपलब्ध छ । यो प्रक्रिया लगभग ६० दिनसम्म लाग्न सक्छ । आफ्नो भारतीय नागरिकता परित्याग गरेपछि तपाईंले आफ्नो भारतीय नागरिकता, मतदाता आईडी कार्ड, आधार कार्ड, ड्राइभिङ लाइसेन्सको आधारमा प्राप्त सबै कागजातहरू सम्बन्धित अधिकारीहरूलाई बुझाउनु पर्नेछ । एजेन्सी

# कानुनको अभावमा विद्युतीय फोहर व्यवस्थापनमा समस्या



**काठमाडौँ ।**
विद्युत् र इन्धन प्रयोग गरी सञ्चालन गरिने उपकरणबाट निस्कने फोहर व्यवस्थापनमा कानुनी व्यवस्थाको खाँचो औंल्याइएको छ ।
विद्युतीय सामग्री उत्पादक कम्पनी र आयातकर्तालाई नै त्यस्ता सामग्री बिग्रिएपछि उत्पादन हुने फोहर व्यवस्थापनमा जिम्मेवार बनाउने कानुनी प्रावधान आवश्यक रहेको डोको रिसाइक्लर्स प्रालिका प्रमुख कार्यकारी निर्देशक पंकज पञ्जियारको तर्क छ । उत्पादककर्ताले बजारमा आफ्ना उत्पादन पठाएपछि निस्कने फोहर व्यवस्थापनको जिम्मेवारी सिद्धान्ततः सोही कम्पनीकै भएकाले बाध्यात्मक कानुनी व्यवस्थासहित उचित प्रबन्ध मिलाउन सरकारलाई डोको प्रालिको सुझाव छ । विद्युतीय मात्र नभई प्लास्टिकजन्य फोहर मानव स्वास्थ्य र वातावरणका हिसाबले हानिकारक मानिन्छ ।
कुनै प्लास्टिक उद्योगले नेपालमा पाँच हजार टन उत्पादन गरेमा त्यसको पुनःप्रशोधन वा नष्ट गर्नेसम्मको जिम्मेवारी सोही कम्पनीको दायित्व रहने कानुनी प्रावधान हुनुपर्ने वातावरण संरक्षणकर्मीको धारणा छ । उचित व्यवस्थापनको जिम्मा उत्पादक कम्पनीलाई दिँदा ठूलो दायित्व नपर्ने उनीहरुको भनाइ छ ।
विद्युतीय फोहरबाट वातावरण संरक्षणमा प्रत्यक्ष असर परिरहेको अवस्थामा कानुनी प्रावधानसहित व्यवस्थापनसम्बन्धी कानुनी व्यवस्था गर्न सकिएमा वातावरण संरक्षणमा सहयोग पुग्ने विश्वास गरिएको छ । डोको रिसाइक्लर्सलगायत कम्पनीले 'नयाँ धारणा, स्वच्छ सपनाः फोहर छुट्याउने हाम्रो चाहना' नाराका साथ फोहर व्यवस्थापन अभियान सञ्चालन गर्दै आएका छन् ।
नेपालमा यस विषयमा बहस सुरु भए पनि त्यसले कानुनीस्वरुप पाउन नसकेकाले अझै चुनौतीपूर्ण रहेको डोकोका निर्देशक पञ्जियारले बताए । हालसम्म आफूखुसी यस्ता कार्यक्रम गरिए पनि कानुनी प्रावधानसहितको आवश्यक प्रबन्ध मिलाउने दायित्व सरकारको भएको उनको भनाइ छ ।
संस्थाले पोखरामासमेत अभियान सञ्चालन गरेको छ । डोकोले फोहर सङ्कलन गरी भक्तपुरको सानोठिमी र सल्लाघारीस्थित प्रशोधन केन्द्रबाट विद्युतीय फोहर छुट्याएर व्यवस्थापन गर्दै आएको छ । ती फोहरबाट आम्दानीसमेत गरिएको छ ।
विसं २०७४ देखि विद्युतीय फोहर सङ्कलन गर्दै आएको उक्त संस्थाले वातावरण संरक्षणमा हानिनोक्सानी नपुग्ने गरी फोहर विसर्जन गर्दै आएको छ । विद्युतीय फोहर प्रतिकिलो रु १५ का दरले सङ्कलन गरी पुनःप्रयोग गर्न सकिनेलाई उद्योगमै पठाउने गरिएको छ ।
सो संस्थाले सन् २०१३ मा काठमाडौँ उपत्यकाबाट ३५० टन विद्युतीय फोहर सङ्कलन र प्रशोधन तथा एक हजार ६०० टन काजग, सिसा, फलामजस्ता फोहर व्यवस्थापन गरेको जनाएको छ । त्यसबाट ८० जनाले प्रत्यक्ष रोजगारी पाएका छन् । नेपालमा १० वर्षअघि १३ हजार टन विद्युतीय फोहर रहेकामा हाल वृद्धि भइ ४२ हजार टनसम्म पुगेको संस्थाको अनुमान छ ।
'यो औपचारिक रेकर्डसहितको तथ्याङ्क हो । दश वर्षमा तीन गुणासम्म फोहर बढिरहेको छ । अहिले मूल्यवान कबाडीजन्य सामग्री मात्र सङ्कलन गरी लैजाने गरिएकामा सबै फोहर उत्पादन कम्पनीले लैजाने व्यवस्था मिलाउनुपर्छ', निर्देशक पञ्जियारले भने ।
डोकोबाहेक अन्य कम्पनीले हेटौँडा र विराटनगरमा विद्युतीय फोहर सङ्कलन सुरु गरेको छ । प्राक्टिकल एक्सन नेपाल प्रोजेक्ट म्यानेजर रवीन श्रेष्ठका अनुसार विद्युतीय चुलोको प्रयोग अवधि सकिएपछि त्यसको व्यवस्थापनका लागि डोको रिसाइकल र हिम इलेक्ट्रोनिक्ससँगको सहकार्यमा वातावरणमैत्री फोहर विसर्जन र पुनःप्रयोग अघि बढाइएको छ । 'सरकारले प्रभावकारी कानुनी प्रबन्ध गरी वातावरणमैत्री फोहर विसर्जन आवश्यक छ', उनले भने ।
नेपाल फूलबारी वेष्ट थ्रि आर सोलुसन कन्ट्रोल सर्भिस प्रालिका सूचना अधिकृत अर्जुन खत्रीले प्रत्येक घरबाट सङ्कलित फोहरबाट जैविक र अजैविक छुट्याएर व्यवस्थापन गर्ने गरिएको जानकारी दिए । सङ्कलित फोहरमध्ये ६० प्रतिशत जैविक र त्यसमध्ये पनि ३५ फोहर पशुजन्य आहारका रुपमा प्रयोग गर्ने गरिएको छ ।
सिसा, धारिला वस्तु, टुटेफुटेका सेरामिकलगायत अजैविक फोहर टुक्रा बनाएर सडक ग्राभेलका क्रममा खाल्डाखुल्डीमा पुर्ने गरिएको जानकारी दिँदै उनले कागज, विद्युतीय सामग्री, प्लास्टिकलगायत फोहर पुनःप्रयोगका लागि कच्चापदार्थका रुपमा उद्योगमा पठाउने गरिएकाले आयआर्जनको गतिलो स्रोत बनेको बताए ।रासस

# हावाबाट ऊर्जा परियोजना स्थापना गर्ने तयारी

**गुल्मी ।**
यहाँको रेसुङ्गा नगरपालिका–७ मा १०० किलोवाट क्षमताको हावाबाट ऊर्जा परियोजना स्थापना गर्ने तयारी गरिएको छ ।
सो वडाका सर्वदलीय र सर्वपक्षीय बैठकमा सबैले सहमति जनाएपछि सो परियोजना सुरु गर्ने निर्णय गरिएको सो वडाका वडाध्यक्ष रामप्रसाद पन्थीले जानकारी दिए । वडाध्यक्ष पन्थीले अर्जुन क्षेत्रलाई पर्यटकीय गन्तव्यस्थल मात्र नभई, हावाद्वारा ऊर्जा उत्पादनको उपयुक्त केन्द्रका रूपमा विकास गर्न आवश्यक रहेको बताए । उनले दुई वर्षअघि वैकल्पिक ऊर्जा प्रवद्र्धन केन्द्रमा सिफारिस गरिसकेको र हाल उर्जा मन्त्रालयलले सम्भाव्यता अध्ययन प्रक्रिया अघि बढाएको जानकारी दिए ।
अर्जुनबाट उनायचौर सवस्टेशनको दुरी करिब ८०० मिटर मात्र भएकाले उत्पादित विद्युत् राष्ट्रिय प्रसारण लाइनमा बिक्री गर्न सकिने बताइएको छ । उक्त परियोजनाबाट दैनिक आठ हजार रुपैयाँ , मासिक दुई लाख ४० हजार रुपैयाँ र वार्षिक २८ लाख ८० हजार रुपैयाँ सम्म आम्दानी गर्न सकिने प्रारम्भिक अनुमान छ ।
आयोजनाको प्रारम्भिक चरणका लागि एक करोड ५० लाख रुपैयाँ लगानीमा सम्भाव्यता अध्ययन तथा आवश्यक प्रारम्भिक संरचना तयार गर्ने योजना छ । सो लगानीमा वडावासीलाई सेयरमार्फत सहभागी गराइने र बाँकी बजेट प्रदेश, सङ्घ र वैकल्पिक ऊर्जा केन्द्रबाट समन्वय गरी जुटाइने बताइएको छ ।
वडाका सम्पूर्ण जनप्रतिनिधिहरूले योजना उपयुक्त रहेकाले ऐक्यबद्धता जनाएका छन् । चालु आर्थिक वर्षमा सो वडामा नगरपालिकाबाट प्राप्त बजेट लक्षित क्षेत्रबाहेक अन्य भौतिक पूर्वाधार निर्माणमा खर्च नगरी सोही काममा खर्च गर्ने सर्वदलीय सहमति भएको छ ।रासस

# रोटरीद्वारा एकैदिन ५० हजार वृक्षारोपण

**झापा ।**
रोटरी इन्टरनेसनलको 'डिस्ट्रिक ३२९२'ले आज देशभर ५० हजार विरुवा रोपण गरेको छ । मानवताको सेवामा समर्पित रोटरीले वातावरण संरक्षणलाई विशेष महत्व दिँदै शनिवार एकैदिन ५० हजार वटा बिरुवा रोपेको रोटरी इन्टरनेसनलको 'डिस्ट्रिक ३२९२'का एसिस्टेन्ट गभर्नर विनोद चापागाईंले जानकारी दिए ।
नेपालमा रोटरी इन्टरनेसनलका १६० भन्दाबढी क्लब छन् । भुटानमा एउटा क्लब रहेको छ । नेपाल र भुटानमा रहेका सबै क्लब रोटरी इन्टरनेसनलको 'डिस्ट्रिक ३२९२' अन्तर्गत रहन्छन् ।
वातावरण संरक्षण गरेर भावी पुस्तालाई साझा बासस्थानका रुपमा रहेको स्वच्छ पृथ्वी हस्तान्तरण गर्नु अहिलेको पुस्ताको कर्तव्य भएको बताउँदै रोटरी क्लब अफ मेचीनगरकी अध्यक्ष शर्मिला पाठकले मेचीनगर क्षेत्रमा फूल प्रजातिका ३०० भन्दा बढी बिरुवा आज रोपिएको जानकारी दिईन ।
झापामा रहेका आठ वटा क्लबले आजै तीन हजारभन्दा बढी बिरुवा रोपेको रोटरी इन्टरनेसनलको 'डिस्ट्रिक ३२९२'का पूर्वएसिसेन्ट गभर्नर एवं रोटरी क्लब अफ सुरुङ्गाका पूर्वध्यक्ष कुमारमणि पोखरेलले बताए ।
'जलवायु परिवर्तनका कारण विश्वमा हिमाल पग्लिएर ठूलाठूला बाढी आउनेदेखि समुन्द्रमा पानीको सतह बढेर किनारका सहर डुब्नेजस्ता सङ्कट विश्वव्यापी रुपमा देखा परिरहेका छन', पोखरेलले भने, 'तापक्रम कम गर्ने उपाय भनेकै वृक्षरोपण हो । कार्बन उत्सर्जन न्यूनीकरण गर्न पनि रुखहरुको भूमिका हुन्छ । त्यहीकारण रोटरी इन्टरनेसनलले वृक्षरोपण अभियान सञ्चालन गरेको हो ।'
रोटरी क्लब अफ मेचीनगरले मेचीनगर–१० स्थित पर्यटकीयस्थल निन्दा करिडरमा फूल प्रजातिका बिरुवा रोपेको छ । रातो सिरिस, ज्याकरान्डालगायत ५० वटा बिरुवा घेराबेरासहित रोपिएको र अन्य खाली स्थानमा २५० भन्दाबढी बिरुवा रोपिएको क्लबकी अध्यक्ष पाठकले जानकारी दिए ।रासस

# एउटै ढुङ्गामा १०८ शिवलिङ्ग र नागसहितको मूर्ति



**काठमाडौँ ।**
यहाँको चन्द्रागिरि नगरपालिका–५ भुजिङडोलमा एउटै ढुङ्गामा १०८ वटा शिवलिङ्ग १०८ वटै नागसहितको मूर्ति कुँदिएको छ । सोही ढुङ्गामा विश्राम गरिरहेका महादेव पनि निर्माण गरिएको छ । महादेवको शिरमा सातमुखे नागले सुरक्षा दिइरहेको आकृति निक्कै सुन्दर बनाइएको छ ।
छेवैमा साँढे र यज्ञ कुण्ड निर्माण गरिएको छ । यहाँ हालै विश्रामेश्वर महादेवको मूर्ति स्थापना गरिएको हो । 'गाउँमै धार्मिक आयाम थपिएको छ', विश्वविश्रामेश्वर १०९ शिवलिङ्ग विश्वधाम मन्दिर निर्माण तथा संरक्षण समितिका अध्यक्ष श्यामलाल श्रेष्ठले भने, 'कतिपयले यो सबै मूर्ति एउटै ढुङ्गामा होइन होला ?, जोडेको होला भनेर शङ्का गर्छन् तर होइन, म आफैंले धादिङको जुङ्गे खोलाबाट ल्याएको एउटै ढुङ्गामा मूर्तिकारले यो मूर्ति कुँदेका हुन् ।'
सात तहमा बनाइएको शिवलिङ्गको हरेक तहमा १०८ वटा नाग बनाइएको छ । अध्यक्ष श्रेष्ठले बुबा धनलाल र आमा न्हुच्छेमायाको चाहनाबाट निजी प्रयासमा यो मूर्ति बनाएको र यहाँ मन्दिर निर्माण जारी रहेको बताए ।
मन्दिर निर्माणलगायतमा स्वेच्छिक सहयोग गर्न सकिने श्रेष्ठले बताए । यहाँ ३० हजार १०५ रुपैयाँ सहयोग गर्नुहुनेका नाममा एउटा शिवलिङ्ग र आजीवन सदस्य रहने तथा तीन पुस्ताको नाम शिलापत्रमा राखिने जनाइएको छ ।
हाल यहाँ शिवपुराण ज्ञान महायज्ञ सञ्चालन भइरहेको छ । महायज्ञका संयोजक ध्रुवकुमार घिमिरेले गोसाइँकुण्डमा विश्राम गरिरहेका महादेवलाई यहाँ स्थापना गरिएको बताए । घिमिरेले भने, 'गोसाइँ स्नान गर्ने बेलामा एक दृष्टिले हेर्दा महादेव सुतेको देखिन्छ, त्यसैको स्वरुप यहाँ बनाइएको हो ।'
मुख्यगरी धार्मिक पर्यटन प्रवद्र्धन गर्न उद्देश्य रहेको मन्दिर व्यवस्थापन समितिले जनाएको छ । त्यसो त विश्रामेश्वर महादेव र मन्दिर निर्माण गर्नुमा विशेष कारण छ । श्यामलाल श्रेष्ठका बुबा धनलालले सपनामा यहाँ भगवान् शिवलाई सुतेको देखिरहनुहुन्थ्यो । त्यसकारण उहाँले यहाँ मन्दिर बनाउन अनुरोध गर्नुभएको थियो । उनको निधनपछि आमा न्हुच्छेमायालाई पनि त्यही दृश्य झल्झली आइरह्यो । भर्खरै ८४ गरिएकी न्हुच्छेमायाले पनि मन्दिर बनाउन छोराहरुलाई अनुरोध गरे ।
उनिहरुकै चाहना पूरा गर्न आफूले मन्दिर निर्माण थालेको श्रेष्ठले बताए । सो ढुङ्गामा कलाकार काजी लामाले छ महिना लगाएर मूर्ति कुँदेभएको हो । त्यसका लागि श्यामलालले ३७ लाख रुपैयाँ कलाकारका लागि पारिश्रमिक दिएको छ । करिब सात लाख रुपैयाँ ढुङ्गा यहाँसम्म ल्याउन खर्च लागेको उनको भनाइ छ ।
तरकारी ढुवानी व्यवसाय गर्ने श्रेष्ठले आमाको जिउनीबाट प्राप्त पैसा र त्यसमा थप लगानी गरेर मूर्तिसहितको मन्दिर निर्माण गरिरहेको र हालसम्म कतैबाट सहयोग प्राप्त नभएको बताए ।
महायज्ञ सुरु भएपछि यहाँ चन्द्रागिरि नगरपालिकाका प्रमुख घनश्याम गिरीले सो मन्दिरको अवलोकन गरी नगरपालिकाले पनि सहयोग गर्ने प्रतिबद्धता जनाएका छन । स्थानीय छिमेकी विष्णुप्रसाद लामिछानेले आफ्नो टोल छिमेकमा नयाँ मन्दिर निर्माण भएकाले यस क्षेत्रको धार्मिक पर्यटन प्रवद्र्धन हुने विश्वास व्यक्त गरे । आफूले पनि मन्दिर निर्माणमा सहयोग गर्ने प्रतिबद्धता उनले जनाए ।रासस

# सुनसरीमा लम्पी स्किनको सङ्क्रमण बढ्दो, ५३ पशु चौपायाको मृत्यु

**सुनसरी ।**
जिल्ला सदरमुकाम इनरुवासहित विभिन्न स्थानीय तहमा पशु चौपायामा लम्पी स्किनको सङ्क्रमण बढेको छ ।
इनरुवासहित धरान, इटहरी, दुहबी, बराहक्षेत्र, रामधुनी, कोशी, गढी, देवानगञ्ज, बर्जु, भोक्राहानसिंह र हरिनगर गाउँपालिकामा लम्पी स्किनको सङ्क्रमण देखापरेको भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र सुनसरीका प्रमुख मनोज मेहताले जानकारी दिए ।
जिल्लामा हालसम्म एक हजार ५१६ वटा पशुचौपायामा सङ्क्रमण देखिएको उहाँले बताए । सबैभन्दा बढी दुहबी नगरपालिकामा २७६ पशुचौपायामा लम्पी स्किनको सङ्क्रमण देखिएको छभने सबैभन्दा कम धरान उपमहानगरपालिकामा १५ वटामा देखिएको छ ।
लम्पी स्किनका कारण जिल्लामा हालसम्ममा ५३ वटा पशुचौपायाको मृत्यु भएको भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रले जनाएको छ ।
सबैभन्दा बढी बराहक्षेत्र नगरपालिकामा १३ वटाको मृत्यु भएको छ । हालसम्म ६४ हजार ४४१ वटा पशुचौपायालाई खोप लगाएको प्रमुख मेहताले बताए ।रासस

# थारु समुदायको मौलिक पहिचान छतरी हराउँदै

**कञ्चनपुर ।**
कञ्चनपुरका थारु समुदायका मौलिक पहिचान बोकेका छतरी(छाता) हराउँदै जान थालेको छ ।
थारु समुदायको खेत–खलिहान र गोठालो यात्राको अभिन्न साथी मानिने बाँसको छतरी, आज स्मृतिमा मात्र सीमित हुँदै जानथालेको छ । जीवनभर खेतमा काम गर्दा ओढ्ने छतरी हराउँदै गएकामा शुक्लाफाँटा नगरपालिका–३ जोनापुरका धनिराम चौधरी चिन्ता व्यक्त गर्छन ।
'बर्सातमा खेतमा काम गर्दा, गोरु जोत्न, बीउ झार्न, वा गोठाला जाँदा छतरी आवश्यक वस्तु हुन्थ्यो', उनले भने, 'बलियो पहाडी बाँस र महुराइन (मालु)को पात प्रयोग गरी बनाइने छतरी पानी चुहिन नदिने उत्कृष्ट घरेलु प्रविधि थियो ।'
बूढेसकाल लाग्दासम्म परम्परागत रूपमा घरमै निर्माण गरेका छतरी ओढेको सम्झना उहाँलाई छ ।
छतरीमा एक थोपा पनि पानी चुहिँदैनथ्यो, हलुका पनि हुन्थ्यो, तर अब ती दिन सपनाजस्ता भएको उनि सुनाउछन । छतरी थारु समुदायका लागि एक उपयोगी वस्तु रहेको उल्लेख गर्दै उनले सांस्कृतिक चिनारीका रूपमा छतरीलाई लिइने गरेको बताउछन ।
बाँसको चोयाले बुनेर महुराइन (मालु)को पातभित्र राखी बनाइने छतरी घाम र पानी दुवैबाट जोगाउने उपायका रूपमा रहेको उनले बताए ।
'पहाडबाट ल्याइने बलियो बाँसले बनाइएका छतरी पाँच वर्षभन्दा बढी टिक्ने गर्दथे', उनले भने, 'थारु समुदायमा तीन प्रकारका छतरी प्रचलनमा थिए, जसमा ठूलो गोलो छतरी, जसले शरीरको अधिकांश भाग छोप्थ्यो, मुरमुरुखी, टाउको मात्रै ढाँक्ने सानो छतरी र स्यांगो, त्रिकोण आकारको पूरै शरीर छोप्ने छतरी प्रचलनमा थिए ।'



यी सबै आज प्रयोगबाट हराइसकेको उनले बताए । परम्परागत छतरीको तुलनामा बजारमा आधुनिक र सस्तो छाता रेनकोट सजिलै पाइने भएपछि परम्परागत सीप लोप हुन थालेको कलंकबहादुर चौधरी बताउछन ।
बाँस र महुराइनको पात मुख्यरूपमा चुरे क्षेत्रका वनबाट सङ्कलन गरिन्थ्यो । तर अहिले वनभित्र अनुमति बिना प्रवेश गर्न नपाइने, पात टिप्दा झन्झट हुने, र कानुनी जटिलता हुने भएपछि छतरी बनाउने चलननै बन्द भएको उनको भनाइ रहेको छ ।
'थारु परम्परामा ससुराली जाँदा छतरी, सुप्पा, मचिया उपहार दिने चलन थियो', हवलदार चौधरीले भने, 'परम्परागत वस्तुहरू उपहारमा दिने चलन पनि हरायो, महुराइनको पातलाई पवित्र मानिने हुँदा पूजामा प्रयोग हुने दुना, टपरी पनि त्यही पातबाट बनाइन्थ्यो, त्यसको बदलामा अहिले सातको पातले काम चलाउने गरिन्छ ।'
उनि भन्छन, 'आजका युवा छाता, रेनकोट र प्लास्टिकका सजिला सामानतर्फ आकर्षित छन्, सीप सिकाउने बूढापाका घट्दै जाँदा छतरीजस्ता मौलिक वस्तु लोप हुने अवस्थामा पुगेका छन, लोप हुँदै गएका छतरीलगायतका वस्तुको जगेर्ना गरी यस्ता हस्तकलाका सामग्रीको बजार प्रवद्र्धन गर्नुपर्छ ।'
छतरी थारु समुदायको केवल आवश्यकता होइन, पहिचान पनि भएकाले त्यसको संरक्षण नगर्ने हो भने भविष्यमा केवल तस्बिर वा सङ्ग्रहालयमा मात्रै सीमित हुने चिन्ता उनि व्यक्त गर्छन ।
उनका अनुसार यसका लागि स्थानीय सरकार र सरोकारवाला निकायले समयमै सचेत भएर सीप संरक्षण कार्यक्रम र सांस्कृतिक जागरण अभियान सुरू गर्न आवश्यक छ ।रासस

# एनआरएनए एनसीसी कतारको अध्यक्षमा पन्थी



**रामएकवाल राम**
**दोहा, कतार ।**

गैरआवासीय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद् कतारको ११औँ राष्ट्रिय एकता महाधिवेशनबाट २०२५–२७ कार्यकालको लागि कृष्ण पन्थी अध्यक्षमा निर्विरोध निर्वाचित भएका छन् । दोहाको क्राउन प्लाजामा संघ कतारका अध्यक्ष रमेश भट्टको सभापतित्व तथा नेपाली काँग्रेसका केन्द्रीय सदस्य एवम् प्रवक्ता पूर्वअर्थ एवम् परराष्ट्र मन्त्री डा.प्रकाश शरण महतको प्रमुख आतिथ्यमामा सप्पन्न भएको हो । महाधिवेशनलाई सम्बोधन गर्दै प्रमुख अतिथि डा. महतले नेपाली दुताबास कतार कुनै पार्टीको नभएर नेपाल सरकारको प्रतिनिधित्व गर्ने संस्था रहेको बताए । उनले आधिकारिक एनआरएनएको कार्यक्रममा सहभागी नभएकोमा नेपाली दूतावास कतारको अनुपस्थितिप्रति दुःख व्यक्त गरे । उनले दूतावासलाई कुनै पार्टीगत आग्रह, पुवाग्रह नराख्न आग्रह गर्दै गैरआवासीय नेपाली संघ (एनआरएनए) लाई फुटबाट जोगाएर एकता कायम राख्नुपर्नेमा जोड दिए । महाधिवेशनबाट संघको कार्यकाल २०१७–०१९ मा स्थापित साहित्य, पत्रकारिता र खेलकुद पुरस्कार समेत वितरण गरिएको छ ।

२०२३–०२५ को 'साहित्य पुरस्कार' श्यामराज रानाभाट, 'पत्रकारिता पुरस्कार'राम एकवाल राम र 'स्वास्थ्य तथा खेलकुद'पुरस्कार दिलीप कार्कीलाई जनही १५ हजार नगदसहित सम्मानित गरिएको थियो । महाधिवेशनमार्फत एनसीसीका विभिन्न विभागमा रहेर कार्यसम्पादन गरेका व्यक्तित्वहरूसहित विधान संशोधन समिति, एकताका लागी पहल गर्ने विभिन्न संघसंस्थाहरू, संघका सल्लाहकारहरूसहित पत्रकारहरूलाई सम्मान गरिएको थियो । संघका कोषाध्यक्ष बुद्ध पाण्डेले एनसीसी कतारमा १ लाख ३१ हजार ८ सय ९५ कतारी रियाल बचत रहेको र १२ हजार ५ सय ७१ रियाल उठ्न बाँकी रहेको आयव्यय विवरण पेस गरेका थिए । कार्यकाल भरी नेपालको बैंकमा रहेको बचत खाताको ब्याजमार्फत करिब १६ हजार आम्दानी रहेको जानकारी दिए । कार्य प्रगति विवरण महासचिव रविन मगरले पेस गरेका थिए । पेस गरिएका दुबै विवरण अनुमोदन भएका थिए । महाधिवेशनले धनबहादुर वलाएर, शेख हनिफ शहिल खान, धुर्वराज अधिकारी टिकाराम डुम्रेलाई निर्वाचित गरेको छ । पन्थीको नेतृत्वमा प्रथम उपाध्यक्षमा रबिन मगर , द्वितीय उपाध्यक्षमा सन्तोष पौडेल र तृतीय उपाध्यक्षमा जहानगीर आलम चयन भएका छन् । यस्तै महिला उपाध्यक्षमा टौमाया गुरुङ, युवा उपाध्यक्षमा मेहर सिंह तमाङ, महासचिवमा विवेक पुलामी मगर र सचिवहरूमा बुद्ध पाण्डे, सुजन गुरुङ अर्जुन सङ्ग्रौला चयन भएका छन् । त्यसै गरी कोषाध्यक्षमा कविन्द्र कडेल सह कोषाध्यक्षमा कान्छा श्रेष्ठ, युवा संयोजकमा केशव राज मल्ल र महिला संयोजकमा कल्पना पुन मगर चयन भएका छन् । त्यस्तै लेखा समितिको संयोजकमा राम प्रसाद गौतम , लेखा समितिको सदस्यहरुमा कमल खत्री , अशोक आले मगर निर्विरोध निर्वाचित भएका हुन् ।

त्यसै गरि सदस्यहरूमा, रिता पोखरेल, ईन्दिरा शाह, रामचन्द्र गिरी, अमृत विश्वकर्मा, गणेश अधिकारी, राजन चापागाईं, तारा टमाटा, डिल्लीराम भट्टराई, मोहम्मद रफिक राईन, दर्शन सुनार, प्रकाश विक, विश्वनाथ भट्टराई, गोरख बहादुर चन्द ठकुरी, मोहम्मद अनवारुक हक, शेष मोमताज, प्रकाश थापा, सुशील कुमार सुब्बा, कृष्ण भण्डारी, पुष्कर बहादुर, साउदलाई चयन गरेका छन् । कार्यक्रमलाई सप्पन्न गर्दै सभापति भट्टले आफ्नो कार्यकालमा कतारमा रहेका संघसस्थाले दिएको साथप्रति आभार व्यक्त गर्दै केही व्यक्ति संस्थाबाट अलग भएर गएपनि छिट्टै यहि समितिमा फर्कने विश्वास व्यक्त गरे ।

# शिवनगरमा निषाद समुदायको जागरण बैठक सम्पन्न



**प्रमोद सहनी**
**रौतहट ।**

रौतहटको शिवनगर शनिबार निषाद समुदायको जातीय पहिचान, सामाजिक अवस्थाको समीक्षा र संस्थागत सुदृढीकरणका लागि ऐतिहासिक दिनको रूपमा चिनिएको छ । धार्मिक–सांस्कृतिक महत्त्व बोकेको यस स्थानमा नेपाल निषाद परिषद्को वडा स्तरीय बैठक सम्पन्न हुँदै समुदायको नेतृत्व, सहभागिता र अधिकारका सवालमा ठोस विमर्श गरिएको हो । सामाजिक रुपमा पछाडि पारिएको निषाद समुदायका प्रतिनिधिहरूले आपसमा एकजुट हुँदै आफ्नो अधिकार सुनिश्चित गर्न अब ठोस संघर्षको आवश्यकता रहेको आवाज बुलन्द गरेका छन् । रौतहट जिल्लाको ऐतिहासिक र धार्मिक महत्व बोकेको शिवनगरमा नेपाल निषाद परिषद्को वडा स्तरीय बैठक भव्य रूपमा सम्पन्न भएको छ । निषाद समुदायको जातीय पहिचान, सामाजिक स्थिति र राजनीतिक सहभागिता जस्ता महत्वपूर्ण विषयमा विमर्श गर्दै सम्पन्न भएको यो बैठकले आगामी दिनमा समुदाय सशक्तिकरणको दिशामा सार्थक पहल गर्ने संकेत दिएको छ । कार्यक्रमको अध्यक्षता नेपाल निषाद परिषद्का केन्द्रीय अध्यक्ष जितेन्द्र सहनी निषादले गरेका थिए । अध्यक्ष सहनीले उद्घाटन मन्तव्यमा निषाद समुदायको वर्तमान अवस्था र भविष्यको बाटोबारे स्पष्ट धारणा राख्दै भने, 'राष्ट्रिय जनगणना अनुसार नेपालमा निषाद समुदायको जनसंख्या करिब २.१४ प्रतिशत छ ।

तर, राज्यको नीति, योजना र बजेट निर्माणमा हाम्रो समुदायलाई अझै उपेक्षित गरिँदै आएको छ ।' उनले निषाद समुदायका अधिकांश सदस्यहरू गरिबी, अशिक्षा र बेरोजगारीको चपेटामा परेको उल्लेख गर्दै दलित समुदायको तुलनामा पनि निषादहरूको अवस्था अझ दयनीय रहेको बताए । बैठकमा निषाद युवा परिषद् पर्सा गठनसमेत गरिएको छ । परिषद्को विधान २०८१ को दफा १६ को उपदफा १ बमोजिम गठित नयाँ नेतृत्वमा युवाहरूलाई समेट्ने रणनीति लिइएको छ । यसमार्फत निषाद युवाहरूको सहभागिता सशक्त बनाउँदै उनीहरूलाई नेतृत्व तहमा ल्याउने प्रयास गरिने आयोजकहरूले बताएका छन् ।

कार्यक्रमका प्रमुख वक्ताका रूपमा नेपाल निषाद परिषद्का संयोजक तथा यमुनामाई गाउँपालिकाका पूर्वमेयर श्रीप्रसाद मुखियाले समुदायभित्रको विगत र वर्तमान अवस्था समीक्षा गर्दै भावी रणनीतिहरूबारे महत्वपूर्ण विचार राखे । उनले निषाद नेतृत्व गर्ने नाममा खोलिएका थुप्रै संघसंस्था व्यक्तिगत स्वार्थमा सीमित भएको आरोप लगाए । कार्यक्रमका अन्य वक्ताहरूले निषाद समुदाय परम्परागत रूपमा जलाशयसँग सम्बन्धित पेशा डुङ्गा चलाउने, माछा मार्ने, नदी घाट, ताल,पोखरी, पानी निकास गर्नेमा आधारित रहेकाले पानीसँग सम्बन्धित विकास योजनामा निषाद समुदायको प्राथमिकता सुनिश्चित गरिनुपर्नेमा जोड दिए । उनीहरूले निषाद समुदायको सांस्कृतिक सम्पदा संरक्षण, जल स्रोतसँग जोडिएका पेशाहरूको पुनर्जीवन र जातीय पहिचानसहितको राज्यको आधिकारिक मान्यता आवश्यक रहेकोमा जोड दिए । कार्यक्रममा निषाद समुदायका युवा, महिला, बुद्धिजीवी र अगुवा व्यक्तित्वहरूको सक्रिय सहभागिता रहेको थियो । कार्यशाला, परिचर्चा र प्रतिवेदन प्रस्तुतीकरणमार्फत निषाद समुदायभित्रको आन्तरिक कमजोरी र बाह्य चुनौतीहरूको समीक्षा गरिएको थियो ।

# लक्ष्यको ७८ दशमलव ३७ प्रतिशत राजस्व सङ्कलन

**मधेशदृष्टि**
**रौतहट ।**

करदाता सेवा कार्यालय चन्द्रपुर, रौतहटले गत आर्थिक वर्षमा लक्ष्यको ७८ दशमलव ३७ प्रतिशत राजस्व सङ्कलन गरेको छ । आर्थिक वर्ष २०८१/८२ मा ५० करोड ५६ लाख २५ हजार सङ्कलनको लक्ष्य रहेकोमा ३९ करोड ६२ लाख ४६ हजार राजस्व सङ्कलन भएको करदाता सेवा कार्यालय चन्द्रपुर, रौतहटका सूचना अधिकारि एवम् निमित कर अधिकृत सजिना श्रेष्ठले बताए । सङ्कलन भएको राजस्व अघिल्लो आर्थिक वर्षभन्दा १४ दशमलव ४१ प्रतिशतले बढी रहेको छ । आर्थिक वर्ष २०८०/८१ मा कार्यालयले ३८ करोड १८ लाख १० हजार राजस्व सङ्कलन गरेको थियो । सङ्कलन भएको राजस्व लक्ष्यको ६३ दशमलव ९६ प्रतिशत रहेको थियो । सूचना अधिकारी श्रेष्ठका अनुसार कार्यालयबाट आयकर तर्फ २१ करोड ६९ लाख ७८ हजार, मूल्य अभिवृद्धिकरतर्फ १५ करोड ३७ लाख तीन हजार, अन्त शुल्कतर्फ ५९ लाख ७३ हजार, बहाल करतर्फ ६२ लाख ९८ हजार र ब्याजतर्फ १ करोड ३२ लाख ९५ हजार राजस्व सङ्कलन भएको हो । करदाता सेवा कार्यालय चन्द्रपुरको कार्य क्षेत्र रौतहटको १८ वटा स्थानिय तहमध्ये जम्मा सात वटा रहेको छ । हालसम्म आयकरतर्फ १६ हजार नौ सय ७७, मुअकरतर्फ छ हजार दुई सय २५, अन्तशुल्कतर्फ पाँच सय २९ तथा व्यक्तिगत प्यानतर्फ एघार हजार ६ सय ६४ करदाता रहेको कार्यालयले जनाएको छ । नागरिकलाई करप्रति सकरात्मक बनाउन आर्थिक वर्ष २०८१/८२ मा ८ वटा करदाता शिक्षा कार्यक्रम सञ्चालन गरेको सूचना अधिकारी श्रेष्ठले जानकारी दिए । स्थानीय तह तथा उद्योग वाणिजय सङ्घ लगायतका सङ्घसंस्थासँग समन्वय गरी करदाता शिक्षा सञ्चालन, कर तिर्न बाँकी रहेका व्यवसायी तथा नागरिकलाई करसम्बन्धी आवश्यक परामर्श प्रदान, करदातालाई समयमा कर तिर्न म्यासेज, फोन र सूचना लगायतका क्रियाकलापमा विशेष रूपले जोड गरेका कारण राजस्व सङ्कलनमा वृद्धि भएको श्रेष्ठले बताए । उनले चालु आर्थिक वर्षमा लक्ष्य अनुसारको राजस्व सङ्कलन गर्न कार्य योजना बनाएर अघि बढेको जानकारी दिए । बजार अनुगमनलाई तीव्रता, उद्योग वाणिज्य सङ्घ लगायत सङ्घसंस्थासँग समन्वय गर्दै करदाता शिक्षा सञ्चालन, २०८१ चैत मसान्त सम्मको मूल्य अभिवृद्धि करमा ब्याजको ७५ प्रतिशत सहुलियतबारे व्यापक प्रचारप्रसार लगायतका कार्यमा विशेष जोड दिँदै लक्ष्य अनुसारको राजस्व सङ्कलनमा अग्रसर हुने जानकारी उनले दिए ।

# नौतनमा पानीको समस्या समाधान माग्दै युवा

**राहुल गुप्ता**
**बारा ।**

परवानीपुर गाउँपालिका–५ स्थित नौतन टोलमा शनिबार सम्पन्न टोलस्तरीय युवा भेटघाट कार्यक्रमले स्थानिय तहमा दीर्घकालीन रूपमा भइरहेका पानी समस्याको विषयमा गम्भीर छलफल गरेको छ ।



कार्यक्रममा सहभागी भएका स्थानीय युवा प्रविन साहले पानीजस्तो आधारभूत आवश्यकतामा टोलले भोगिरहेको समस्यालाई लिएर गहिरो चिन्ता व्यक्त गरे । उनले भने, 'अब मौन बस्ने समय होइन, हामी युवा मिलेर आवाज उठाउनु, समाधानको बाटो खोज्नु र नेतृत्व लिनु जरूरी छ ।' स्थानीय युवाको सहभागिता र सक्रियताले नौतन टोलमा सामाजिक उत्तरदायित्वप्रतिको सचेतना वृद्धि भएको संकेत गरेको छ । कार्यक्रम आयोजन रोशन कुमार गुप्ताले गरेका हुन् । टोलका विभिन्न युवाको उपस्थिति उल्लेखनीय थियो । छलफलमा समस्या पहिचान मात्र नभई समाधानका सम्भाव्य उपाय पनि प्रस्तुत गरिएको थियो । स्थानीय सरकारको ध्यानाकर्षण गराउँदै सहभागीले तत्कालीन रुपमा खानेपानी व्यवस्थापन र वितरण प्रणाली सुधार गर्न माग गरेका छन् ।

# ज्येष्ठ नागरिक महासंघको प्रदेश अधिवेशन सम्पन्न

**मधेशदृष्टि**
**वीरगंज ।**

मधेश प्रदेश ज्येष्ठ नागरिक महासंघको प्रथम प्रदेश अधिवेशन शनिबार वीरगंजको लछ्मणवा पार्कस्थित ज्येष्ठ नागरिक पार्कको सभाहलमा एक विशेष समारोहका साथ सम्पन्न भएको छ । कार्यक्रमको उद्घाटन मधेश प्रदेशका समाज कल्याण तथा खेलकुद मन्त्री प्रमोद जयसवालले गरे । समारोहमा ज्येष्ठ नागरिक महासंघका प्रदेश अध्यक्ष जगदीश शर्माको अध्यक्षता भएको थियो । अधिवेशनमा प्रदेशका आठवटै जिल्लाबाट प्रतिनिधिहरूको उपस्थिति रहेको थियो भने नेपाल पत्रकार महासंघ मधेश प्रदेश अध्यक्ष श्याम बन्जारा, पर्सा जिल्ला अध्यक्ष ओमप्रकाश खनाल लगायतका विशिष्ट व्यक्तित्वहरूको समेत उपस्थिति रहेको थियो । कार्यक्रमलाई सम्बोधन गर्ने वक्ताहरूले ज्येष्ठ नागरिकको अनुभव, ज्ञान र योगदानलाई सम्मान गर्नु आजको आवश्यकता भएको बताएका थिए । उनीहरूले राज्य र समाज दुवैले जेष्ठ नागरिकप्रति उत्तरदायी भूमिका निर्वाह गर्नुपर्नेमा जोड दिए । अधिवेशनबाट महासंघको आगामी कार्यदिशा र नेतृत्व चयनसम्बन्धी महत्वपूर्ण निर्णयहरू गरिने अपेक्षा गरिएको छ ।

# तपेश्वरीमा पहिलोपटक मिनि महोत्सव

**मधेशदृष्टि**
**सप्तरी ।**

पुरानो बजारको विकास, विस्तार तथा प्रचारप्रसार गर्ने उद्देश्यले सप्तरीको अग्नीसाइर कृष्णासवरण गाउँपालिका–१ जण्डौलस्थित तपेश्वरी बाजार क्षेत्रमा साउन ११ गते आइतवारदेखि प्रथम तपेश्वरी मिनि महोत्सव २०८२ शुरु हुने भएको छ । महोत्सव श्री ठाकुरजी माध्यमिक विद्यालयको खेल मैदानमा आयोजना गरिनेछ । महोत्सवका आयोजक फुटवल क्लव जण्डौलले शनिवार पत्रकार सम्मेलनको आयोजना गरी १ भाद्र (२० दिन) सम्म चल्ने महोत्सवको आवश्यक सम्पूर्ण तयारी पुरा भएको जनाएको छ । पत्रकार सम्मेलनमा वडाअध्यक्ष प्रिताम्बर चौधरीले पुरानो तपेश्वरी बजारको विकास विस्तार र आर्थिक समृद्धिका लागि महोत्सवको आयोजना गर्न लगिएको बताए । 'महोत्सवले पर्यटन विकास र पुरानो बाजारमा आर्थिक कारोवार वृद्धिका लागि पनी टेवा पुग्ने विश्वास लिएका छौं, ' उनले भने, 'पुरानो बजारलाई विस्तार र आर्थिक चहल पहल वृद्धिका लागि पुरै गाउँबासी मिलेर महोत्सव गर्न लागेका छौं ।' महोत्सवको उद्घाटन गाउँपालिका अध्यक्ष दिनानाथ चौधरीले गर्ने तय भएको उनले जानकारी दिए । महोत्सवमा व्यापार मेला, कृषि प्रदर्शनी, मनोरन्जनका लागि विभिन्न खेल तमासाका साथै नेपाल तथा भारतका ख्याती प्राप्त कालाकारहरुद्धारा सांस्कृतिक कार्यक्रम प्रस्तुत गरिने पत्रकार सम्मेलनमा महोत्सवका व्यवस्थापक एवम् विकास इभेन्टका संचालक विकास कुमार साहले जानकारी दिए । महोत्सवमा कृषि उत्पादन, खेलौना, श्रृंगार, थारु, मैथिली तथा अन्य विभिन्न जात र समुदायका फुड लगायतका गरी २५ वटा स्टल रहने उनको भनाइ छ । महोत्सवमा नेपालका चर्चित कलाकार दुर्गेश थापा, प्रिति पासवान, अनु चौधर, अन्जु, कुस्मी, एलिना चौहान, सोनु कुमार, संगीता चौधरी तथा छिमेकी राष्ट्र भारतका माही–मनिषा, नोनिया, मनिष लगायत गरी दुई दर्जन कलाकारद्धारा सांस्कृतिक कार्यक्रम प्रस्तुत गरिने व्यवस्थापक साहले जानकारी दिए । महोत्सव अवधिमा करिब २ लाख आन्तरिक तथा वाह्यय पर्यटकले अवलोकन गर्ने र १ करोड रुपैयाँ भन्दा बढीको आर्थिक कारोवार हुने अनुमान गरिएको आयोजक समितिका अध्यक्ष चौधरीले बताए । महोत्सवमा आर्थिक खर्च व्यवस्थापन गर्ने विषयलाई ध्यानमा राखी १ सय रुपैयाँ प्रवेश शुल्क निर्धारण गरिएको आयोजक समितिले जनाएका छन् । यस्तै महोत्सव स्थलमा मदिरा विक्री वितरणमा पूर्ण रुपमा रोक लगाइएको आयोजकले जनाएको छ ।

# करोडौं मूल्य बराबरको सामान जफत

**मधेशदृष्टि**
**वीरगंज ।**

भन्सार राजस्व चुहावट नियन्त्रण गर्न प्रहरीले देखाएको सक्रियताले पुनः एक पटक करोडौं मूल्य बराबरको सामान जफत गरिएको छ । बारा प्रहरीले ५२ लाखभन्दा बढी मूल्य बराबरको कपडा, केमिकल, औषधि तथा साइकल पार्टपुर्जासहितको ट्रक नियन्त्रणमा लिएको छ । विशेष सूचनाको आधारमा खटिएको प्रहरी टोलीले वीरगंजबाट नारायणगढतर्फ जाँदै गरेको ना ४ ख ५६७२ नम्बरको ट्रक सिमरा चौक नजिकैको पूर्वपश्चिम राजमार्ग खण्डमा रोकेर जाँच गरेको हो । ट्रकमा लोड गरिएका सामग्रीहरूमा बिल र वस्तुबीच असमानता पाइएपछि प्रहरीले त्यसलाई भन्सार छलीको आशंका गर्दै नियन्त्रणमा लिएको हो । प्रहरीले ट्रकबाट करिब ५२ लाख ७० हजार ९३ रुपैयाँ बराबरको भन्सार नभुक्तान गरिएका सामग्री बरामद गरेको जनाएको छ । राजस्व प्रशासनलाई ठग्न खोज्ने गिरोहको विरुद्ध प्रहरीले निरन्तर निगरानी र निगरानीको प्रभावकारी कार्यान्वयन गर्दै आइरहेको छ ।

# सुविधासम्पन्न बर्थिङ सेन्टर सञ्चालन

**मधेशदृष्टि**
**वीरगंज ।**

पर्साको पटेर्वा सुगौली गाँउपालिका वडा नम्बर–२ गादीमा रहेको स्वास्थ्य चौकीमा सुविधासम्पन्न प्रसूती केन्द्र (बर्थिङ सेन्टर) सञ्चालनमा आएको छ । गादी स्वास्थ्य चौकी परिसरमा १ करोड ५ लाख रुपैयाँको लागतमा नवनिर्मित प्रसूती केन्द्र भवनको शनिबार गाँउपालिका अध्यक्ष दिनेश चौधरीले समुद्घाटन गरेसंगै प्रसूती केन्द्र सञ्चालनमा आएको हो । संघीय सरकारको ६० प्रतिशत अनुदान र गाँउपालिकाको ४० प्रतिशत लगानीमा गादी स्वास्थ्य चौकी परिसरमा दुई तल्ले सुविधासम्पन्न प्रसूती केन्द्रको भवन निर्माण गरिएको गाँउपालिका उपाध्यक्ष ममता महत्तोले जानकारी दिए । गादी प्रसूती केन्द्र सञ्चालनमा आएसंगै अब प्रसूतीका लागि गर्भवती महिलालाई वीरगंज वा अन्य शहरका अस्पतालमा धाउनुपर्ने बाध्यताको अन्त्य भएको गाँउपालिका अध्यक्ष चौधरीले बताए । अब आफ्नै गाँउमा महिलाले सुरक्षित र गुणस्तरीय प्रसूती सेवा पाउने उनले बताए । गाँउपालिका उपाध्यक्ष महत्तोका अनुसार, यसअघि गादी स्वास्थ्य चौकीको एक कोठामा प्रसूती सेवा सञ्चालनमा थियो । जसका कारण प्रसूतीको लागि आउने महिलाको संख्या बढ्दा अन्यत्र पठाउनुपर्ने बाध्यता थियो । तर, अब प्रसूती सेवाका लागि छुट्टै सुविधासम्पन्न प्रसूती केन्द्र भवन निर्माण गरि सञ्चालनमा ल्याइएकाले एकैपटक ६÷७ जना महिला आएपनि सहज रुपमा सेवा उपलब्ध हुने उनले बताए ।

स्वास्थ्य चौकी सञ्चालन तथा व्यवस्थापन समितिका अध्यक्ष समेत रहेका वडाध्यक्ष विजय गैरेले गादीमा सञ्चालनमा ल्याइएको सुविधासम्पन्न प्रसुति केन्द्र पर्सा जिल्लाको भ्रामीण भेगमै नमूनाका रुपमा रहेको बताए । स्वास्थ्य चौकी सञ्चालन तथा व्यवस्थापन समितिका अध्यक्ष विजय गैरेको अध्यक्षतामा भएको समुद्घाटन कार्यक्रममा पटेर्वा सुगौली–१ का वडाध्यक्ष फरमान अन्सारी, वडा नम्बर ४ का वडाध्यक्ष वासु पजियार थारु, कार्यपालिका सदस्य, बुद्धिजीवी, स्वास्थ्यकर्मी लगायतको उपस्थिति रहेको थियो ।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्क: वीरगंज महानगरपालिका-१३, पर्सा, मोबाइल नं.-९८५५०२१२८१, कार्यालय: जनकपुरधाम-२, भानुचोक, किशोरी नगर, फोन नं.-०४१-५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्ष: ध्रुव साह, सम्पादक: रामकुमार एलन